पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : २९ | २०७२ फागुन २१ गते शुक्रबार (March 4 , 2016) | मूल्य रू. १०/-

## सुरु भयो कांग्रेस महाधिवेशन

काठमाडौं । 'सुशीलको नेतृत्वमा बनायौं संविधानः समृद्ध राष्ट्र निर्माण अब हाम्रो अभियान' भन्ने मूल नाराका साथ नेपाली कांग्रेसको १३ औं महाधिवेशन राजधानीमा सुरु भएको छ । हिजो खुल्ला मञ्चमा आयोजित कार्यक्रममा कार्यबाहक सभापति रामचन्द्र पौडेलले महाधिवेशनको उद्घाटन गरे । सो अवसरमा विभिन्न देशका प्रतिनिधि, राजनीतिक दलका नेता, कूटनीतिक नियोगका प्रमुख एवम् प्रतिनिधि, सांसद्लगायतको उपस्थिति थियो ।

उद्घाटनपछि महाधिवेशनको बन्दसत्र भृकुटीमण्डपमा हुने छ । चार दिनसम्म हुने महाधिवशेनको निर्वाचन कार्यक्रम भने राष्ट्रियसभा गृहमा हुनेछ । महाधिवेशनको तयारीका लागि राजधानी प्रवेश गर्ने स्थान तथा चोकचोकमा (बाँकी अन्तिम पेजमा)

# विरोधीको काँध चढेर प्रधानमन्त्री गणतन्त्रवादी

काठमाडौं । राप्रपा नेपालले हिन्दूराष्ट्र र संवैधानिक राजतन्त्र हाम्रो एजेण्डा हो भनेर देशव्यापी हिन्दूजागरण अभियान थालेको छ । लाग्छ, राप्रपा नेपालको उद्देश्य सत्ता गठन र सञ्चालनमा राप्रपा नेपालको निर्णायक हो भनेर प्रमाणित गर्नुथियो, प्रमाणित गरेर देखाइदिए । जतिसुकै लोकतान्त्रिक गणतन्त्र नेपाल भनेर गफ लगाए पनि आखिर केपी ओलीको १७ पार्टी मिलेर बनेको ४० सदस्यीय सरकारको तोक्मा भनेको राप्रपा नेपाल नै बन्यो ।

राप्रपा नेपालका अध्यक्ष कमल थापाले





घोषणा गरेका छन्- ५ लाख हिन्दू राजधानीका सडकमा निस्कौं, नेपाल हिन्दूराष्ट्र घोषणा हुनेछ । होइन भने चुनावमा बहुमत ल्याएर भए पनि नेपाललाई हिन्दूराष्ट्र घोषणा गराउँछौं ।

ओली मन्त्रिपरिषदमै संघीयताविरोधी राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष चित्रबहादुर केसी उपप्रधानमन्त्री रहेका छन् । उनको पार्टीले संघीयताविरोधी अभियान देशव्यापी चलाउने भनेर अधिवेशनबाटै पारित गऱ्यो र चित्रबहादुर केसीलाई नै सर्वसम्मत अध्यक्ष निर्वाचित गऱ्यो ।

एकातिर हिन्दूराष्ट्र र संवैधानिक राजतन्त्रवादी राप्रपा नेपालको लठ्ठी टेक्ने र अर्कोतिर संघीयताविरोधी राष्ट्रिय जनमोर्चालाई काखी च्यापेर चलेको ओली सरकार खिचडी सरकार हो । यी दुबै घटनाले संविधान किन कार्यान्वयन भएन भनेर प्रश्न गर्नैपर्दैन । किनभने संविधान असफल भएको दृष्टान्त ओली सरकार बन्न पुगेको छ ।

उता मधेसी मोर्चाले अन्तिम युद्ध गर्ने चेतावनी दिएको छ । सहर केन्द्रीत आन्दोलन गर्ने भन्दाभन्दै मोर्चाका सदस्यहरूले भनेका छन्- आतंककारी भनियो, दमन गरियो, कर्फ्यू लगाइयो,

(बाँकी अन्तिम पेजमा)

## ओलीले सोधे कति आउँछ ?

काठमाडौं । एनसेल खरिदविक्री प्रकरणमा पुँजीगत लाभकर लिने कि नलिने भन्ने निर्णय गर्न अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय, दूरसञ्चार प्राधिकरण कसैले पनि निर्णय गर्न सकेनन् । सबै एनसेलको रसमा लठ्ठिएपछि निर्णय तिमी नै गर भनेर फाइल प्रधानमन्त्री कार्यालय पुगेको छ । फाइल टेबुलमा आएपछि प्रम केपी ओलीले सोधे- कति आउँछ ? डाक्टर मुख्य सचिव जिल्लाराम परे । उनले बुझ्रेर खबर

(बाँकी अन्तिम पेजमा)

## पूर्वविशिष्ठको नाममा लुट

**अभियान संवाददाता**

काठमाडौं । गरिब नेपाली जनताले तिरेको करमाथि पूर्वविशिष्ठ पदाधिकारीहरूले ब्रम्हलुट मच्चाउन थालेपछि सर्वोच्च अदालतले कानुन बनाएर मात्र पूर्वविशिष्ठहरूलाई सुविधा उपलब्ध गराउन सरकारका नाममा दिएको आदेशलाई सरकारले ठाडै उल्लंघन गर्दै कुनै मापदण्ड विना नै सुविधा उपलब्ध गराउन थालेको छ । तत्कालिन प्रधानमन्त्री सुशील कोइरालाको मन्त्रीमण्डलका गृहमन्त्री वामदेव गौतमले पूर्वविशिष्ठ पदाधिकारीहरूलाई दिइने सुविधा सम्बन्धी केही कानुन निर्माण गरी संसदमा पेश गरेका थिए । त्यसबेला त्यसको व्यापक विरोध भएपछि तत्कालिन सभाध्यक्ष सुभाष नेम्वाङले गृहमन्त्रीलाई विधेयक फिर्ता लिन लगाएपनि तिनै





पूर्वसभामुख नेम्वाङले अहिले सुटुक्क विलासी गाडीसहित चालक, इन्धन, मर्मत खर्च सबै सुविधा लिएका छन् ।

पछिल्लो समयमा आफ्नै पार्टीका नेता गृहमन्त्री भएका बेला एमाओवादी

(बाँकी अन्तिम पेजमा)

## डेपुटी गभर्नरमा सिवाकोटी र श्रेष्ठ

**अभियान संवाददाता**

काठमाडौं । नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरमा शिवराज श्रेष्ठ र चिन्तामणि सिवाकोटी नियुक्त भएका छन् । बुधबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले श्रेष्ठ र सिवाकोटीलाई डेपुटी गभर्नरमा नियुक्त गरेको हो । उनीहरूको नियुक्तिसँगै राष्ट्र बैंकले करिब साढे २ महिनापछि नयाँ डेपुटी गभर्नर पाएको छ । डेपुटी गभर्नरको कार्यकाल ५ वर्षको हुनेछ ।

नयाँ डेपुटी गभर्नरको नियुक्तिमा ढिलाइ हुँदा राष्ट्र बैंकको काम कारबाही नै प्रभावित भएको थियो । पूर्वडेपुटी गभर्नरद्वय गोपालप्रसाद काफ्ले र महाप्रसाद अधिकारीको कार्यकाल सकिएपछि गत पुस ११ गतेदेखि उक्त पद रिक्त रहेको थियो । त्यसलगत्तै नयाँ डेपुटी गभर्नरको नियुक्तिका लागि प्रक्रिया



सुरु भए पनि राजनीतिक भागबन्डा नमिलेकाले

(बाँकी अन्तिम पेजमा)

## राष्ट्रिय झण्डाको अपमान !

काठमाडौं । लामो समयदेखि आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले प्रधानमन्त्री केपी ओलीके हालैको भारत भ्रमणका क्रममा भारती प्रधानमन्त्री नरेन्द्र मोदीको गृहनगर गुजरातमा पुग्दा राष्ट्रिय झण्डाको अपमान हुँदा समेत प्रधानमन्त्री ओली मुकदर्शक बनेको गम्भीर आरोप लगाएके छ् । भारत भ्रमणका क्रममा ओलीको स्वागतका लागि गुजरातमा फहराइएको नेपालको झण्डा त्रिकोणात्मक हुनुपर्नेमा चारकुना भएको झण्डा फहराइएको थियो । आफ्नो मुलुकको राष्ट्रिय झण्डालाई अपमान गर्दा समेत

(बाँकी अन्तिम पेजमा)

## राष्ट्रियता जोगाउन धर्मनिरपेक्षता र गणतन्त्रमा पुनर्विचार आवश्यक : कोइराला

काठमाडौं । अहिले नेपाली कांग्रेस आफ्नो १३ औं महाधिवेशनमा व्यस्त रहेको छ । त्यसैक्रममा कांग्रेस केन्द्रिय सदस्य तथा विपी कोइराला पुत्र शशांक कोइरालाले कांग्रेसले विगत १० वर्षदेखि अँगाल्दै आएको र नयाँ संविधानले समेत संस्थागत गर्दै लागेको गणतन्त्र, धर्मनिरपेक्षता र संघीयतामाथि पुनर्विचार गर्न सबै राजनीतिक दलहरूसँग आग्रह गरेका छन् ।

कांग्रेस १३ औं महाधिवेशनको पूर्वसन्ध्यामा कोइरालाले सर्वाजनिक रूपमै उठाएका यी मुद्दाले पार्टीभित्र वृहत छलफल र तिव्र ध्रुवीकरणको सम्भावना बढाएको कांग्रेसजनहरूले नै बताउन थालेका छन् । सोमबार बेलुका बिबिसी नेपाली सेवालाई दिएको अन्तर्वार्तामा सांसद समेत रहेका कोइरालाले राष्ट्रियता बचाउनका लागि धर्मनिरपेक्षता, गणतन्त्र, संघीयतामा पुनः छलफल गर्न सबै राजनीतिक दलहरू तयार हुनुपर्ने जिकिर गरे । कोइरालाले कांग्रेसको महाधिवेशनको मुखमा आएर बिपी कोइरालाको राष्ट्रिय मेलमिलापको नीति अनुसार राष्ट्रियता जोगाउनका लागि पनि



छलफल र बहस हुनुपर्ने औंल्याए । कोइरालाको यो अभिव्यक्तिले अप्रत्यक्ष रूपमा बिपी कोइरालाको मेलमिलापको नीतिमा गिरिजाप्रसाद कोइारलाको अगुवाईमा कांग्रेसले माओवादीसँगको सहकार्यमा अपनाएको धर्मनिरपेक्षता, गणतन्त्र र संघीयताको विषयमा फेरि वृहत छलफल गर्नुपर्ने भन्दै उनी आफ्ना पिता बिपीको कित्तामा उभिएका छन् ।

गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा १२ औं महाधिवेशनले कांग्रेसलाई

(बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्भियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

सम्पादकीय

# भारतलाई विश्वास गरिहाल्ने अवस्था रहेन

*संविधान निर्माण भएपश्चत जारी समेत भयो । तर मुलुकका सबै समस्याहरु समाधान हुन सकेनन् । आखिरी किन ? अहिलेको प्रमुख प्रश्न भनेको यही हो । संविधान जारी भएपश्चात दक्षिणी छिमेकी मुलुक भारतले झण्डै ५ महिनासम्म अघोषित नाकाबन्दी लगायो । नाकाबन्दीले गर्दा मुलुकको अर्थतन्त्र डामाडोल मात्र भएन विकास निर्माणका सबै कामहरु ठप्प भए । तर त्यति हुँदाहुँदै पनि राजनीतिक दहलरु आ-आफ्नो डम्फु बजाउनैमा ब्यस्त रहे । मुलुकका तीन ठूला दल नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादीभित्रको द्वन्द्व र घात अन्तर्घातले गर्दा जनताले अनाहकमा नाकाबन्दीजस्तो अमानवीय ब्यवहार भोग्न बाध्य भए । संविधान निर्माण पहिला यिनै तीन ठूला दलका नेताहरुले जनतालाई आश्वासन दिएका थिए, संविधान निर्माण भएर जारी भएपश्चात मुलुकका सबै समस्याहरुको समाधान हुन्छन् भनेका थिए, तर खोई त ति समस्याहरु समाधान भएका ?*

*संविधान निर्माणको क्रमदेखि नै केही मधेसवादी दलहरुले संविधानसभा छाडेर मधेस आन्दोलनमा गए । मधेसवादी दलहरुको आन्दोलनलाई देखाएर भारतले अघोषित नाकाबन्दी गर्‍यो । भारतको बुझाईमा मधेसवादी दलहरुले उठाएका मुद्दाहरु सम्बोधन नभएको भन्दै तिनै मधेसवादी दलहरुलाई देखाएर नाकाबन्दी गरेर नेपाली जनतालाई आफूहरुले नगरेको गल्तीको सजाय भोगन बाध्य पार्‍यो । एउटा भूपरिवेष्ठित मुलुकले पाउनुपर्ने पारवहन सुविधा समेत खोसेर भारतले नेपालमाथि हैकमवादी चरित्र देखाउँदा समेत राजनीतिक दल र नेपाल सरकारले त्यसलाई प्रष्ठ शब्दमा नाकाबन्दी भन्न सकेनन् । मधेसवादी दलहरुले उठाएका केही मुद्दाहरु मध्ये जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण र राज्यका प्रत्येक निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सबैलाई प्रतिनिधि गराउने संवैधानिक ब्यवस्था संविधान संशोधन गरेरै भएपनि गरेपछि मधेसवादी दलहरु केही पछि हट्न बाध्य भएका हुन् । संविधान संशोधन भएपछि मधेसवादी दलहरुले उठाएका केही मुद्दाहरु सम्बोधन भएपनि भारतले नेपालको संविधानलाई सहर्ष स्वीकार गर्न सकेको छैन । आखिरी किन ? के भारतको लागि मधेसी दल र मधेसमा बसोबास गर्ने मधेसी जनतामात्र नेपाली जनता हुन् ? किन ऊ पहाडमा बसोबास गर्ने नेपाली जनताका पक्षमा बोल्न चाहिरहेको छैन ।*

*प्रधानमन्त्री केपी ओलीले भारतको औपचारिक भ्रमण गरेको दुई हप्ता बितिसके पनि भारतले अघोषित रुपमा लगाएको नाकाबन्दीलाई पुरै हटाएको छैन । अहिले पनि यहाँ इन्धन, ग्यासलगायत अति आवश्यकीय वस्तुहरुको हाहाकार नै मच्चिएको छ । नेपाल आयल निगमले नाकाबन्दी अघिकै अवस्थाको पेट्रोलियम पदार्थ दिन भारतीय आयल कर्पोरेशनलाई पटक-पटक आग्रह गर्दा पनि उसले ७० प्रतिशत मात्र पेट्रोलियम पदार्थ दिएको हुनाले जनताले सास्ती भोग्नु परेको छ । प्रधानमन्त्री ओलीको भारत भ्रमणपछि सहज हुने भनिएको आपूर्ति ब्यवस्था सहज नभएको हुनाले भारतको ब्यवहारलाई नेपाली जनताले आशंकाको रुपमा हेरिरहेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री केपी ओली बीच दुई पक्षीय वार्ताले समेत समस्याको समाधान नगरेको हो कि भन्ने आशंका समेत उब्जिएको छ ।*

*प्रधानमन्त्री ओलीले आफ्नो भारत भ्रमणले सबै समस्याको समाधान भएको र दुई देश बीचको सम्बन्ध पुरानै अवस्थामा पुगेको बताएता पनि भारतको पछिल्लो ब्यवहारले त्यस्तो देखाएको छैन । युद्धका बेलामा पनि गर्नु नहुने ब्यवहार भारतले नाकाबन्दीको बेला देखाएको हुनाले प्रधानमन्त्री ओलीले भनेझैं सम्बन्धमा सुधार आएको भन्ने भनाइलाई पछिल्लो समयमा विश्वास गरिहाल्ने अवस्था देखिएको छैन । मधेसवादी दलहरुलाई देखाएर नाकाबन्दी लगाएको भारतले अहिले नेपाल-भारतका कुनै सीमानाकाहरुमा अवरोध सिर्जना नभएपनि इन्धनलगायत अन्य वस्तुहरु नेपालले मागेजति उपलब्ध नगराउनुको अर्थ के ? मधेसवादी दलहरुले सीमानाकामा अवरोध गर्दा आपूर्ति ब्यवस्था नेपालकै कारण असहज भएको हो भन्ने उद्घोष गर्ने भारतले अब के भन्ने ?*

*केही मधेसवादी दलहरुले संविधान निर्माण र जारी प्रक्रियाको विरोध गरेकै हुन् । उनीहरुको सहमति विनै संविधान समेत पहिलो पटक संशोधन भएको र त्यसलाई राष्ट्रपतिले प्रमाणिकरण समेत गरिसकेको अवस्थामा अब त्यो संवैधानिक ब्यवस्था भएको छ । तर मधेसवादी दलहरुलेत्यसलाई स्वीकार गर्न सकिरहेका छैनन् । उनीहरुले प्रधानमन्त्री ओलीको भारत भ्रमण पूर्णरुपमा असफल सावित भएको बताइरहेका छन् । भ्रमण असफल हुनुमा संविधान निर्माण प्रक्रिया र संविधानमा देखिएको सीमांकनको विषयमा उठेका मुद्दाहरुको समाधान गर्न बनेको उच्चस्तरीय राजनीतिक समितिको गठन प्रक्रियामा आफूहरुलाई सहभागी नगराइएको बताएपनि उनीहरु अझै पनि भारतको इशारामै चलेको प्रष्ठ हुँदै गएको छ । उनीहरुले उठाएका दुई महत्वपूर्ण मुद्दाहरु संवैधानिक रुपमा समाधान भएपनि उनीहरुले फेरि आन्दोलनको धम्की दिनु र भारतले पर्याप्त मात्रामा इन्धनलगायत अन्य अत्यावश्यक वस्तुहरु नदिनुले के प्रमाणित गर्छ ? पार्टीगत स्वार्थका लागि राजनीतिक दलहरुले जनतालाई कष्ठ दिनु भनेको राजनीतिक दहलरु जनताप्रति उत्तरदायी नहुनुनै हो भन्ने हामीले ठानेका हुनाले अविलम्ब त्यस्ता कार्यहरु बन्द हुनुपर्छ ।*

# भ्रमणले पनि निकास दिन सकने ?

देवेन्द्र चुडाल

संविधानसभाले संविधान निर्माण गरी जारी गरेपश्चात पनि राजनीतिक दलहरू एकमत हुन सकिरहेका छैनन् । राजनीतिक दलहरू एक आपसमा आरोप प्रत्यारोपमा व्यस्त रहेका बेला दक्षिणी छिमेकी मुलुक भारतले अघोषित रूपमा नाकाबन्दी गरेर राजनीतिक दलहरूलाई केही पाठ पढाउन खोजेको थियो । २०७२ वैशाख १२ र २९ गते गएको भूकम्पले गर्दा पीडित भएका नेपाली जनतालाई भारतको अघोषित नाकाबन्दीले गर्दा घाउमा नुन छर्कने काम मात्र भएन, विकास निर्माणका सबै कार्यहरू ठप्प भएभने आर्थिक क्षेत्र र अर्थतन्त्रमा समेत नराम्रो असर पर्‍यो । हालसम्म यो कायम रहेको छ । भारतले लगाएको नाकाबन्दी केही खुकुलो भएपछि प्रधानमन्त्री केपी ओलीले गरेको भारत भ्रमणले केही सहज स्थिति सिर्जना गरेपनि नाकाबन्दी भन्दा पहिलाको अवस्थामा नेपालमा सहज अवस्था सिर्जना भएको छैन । प्रधानमन्त्री ओलीले आफ्नो भारत भ्रमण सफल भएको र अहिलेसम्म भएका असमझदारीहरू हटेको बताएपनि व्यवहारमा त्यस्तो देखिएको छैन ।

भारतले लगाएको अघोषित नाकाबन्दी केही खुकुलो भएको भएता पनि नाकाबन्दी पुरै हटेको छैन । नेपाल आयल निगमले भारतीय आयल निगमसँग माग गरेको पेट्रोलियम पदार्थ भारतले दिन अस्वीकार गरेको छ । मागको झण्डै ७० प्रतिशत मात्र आपूर्ति गरेकाले अहिले पनि नेपालमा इन्धन लगायत खाना पकाउने ग्यासको चरम अभाव रहेको छ । पेट्रोल पम्पहरूमा अहिले पनि पेट्रोल पाउन लामो लाइन लाग्ने गरेको छ भने ग्यास पाउन उपभोक्ताहरू ग्यास कम्पनी र डिपोहमरूमा बिहानैदेखि लाइन बस्न बाध्य भएका छन् । के यसैलाई असमझदारी हट्यो भन्ने त ? स्मरण रहोस् भारतीय आयल कर्पोरेशन र नेपाल आयल निगम दुवै सरकारी स्वामित्वमा सञ्चालित भएका संस्था हुन् । यदि नेपाल-भारतबीचको असमझदारी हटेको हो भने किन भारतीय सरकारद्वारा सञ्चालित भएको र सरकारको पूर्ण स्वामित्वमा रहेको भारतीय आयल कर्पोरेशनले नेपाल आयल निगमले मागेजति पेट्रोलियम पदार्थ दिएन, अब त्यसको लेखाजोखा स्वयं प्रधानमन्त्री ओलीले गर्नुपर्ने अवस्था आएको छ । भारतले नेपाली जनताका लागि जनताका प्रतिनिधिहरूले निर्माण गरेको संविधानलाई अहिलेसम्म पूर्णरूपमा स्वीकार गर्न नसकेको र नेपालका केही मधेसवादी दलहरूले ठूला भनिएका कंग्रेस, एमाले र एमाओवादीले आफूहरूले उठाएका मुद्दाहरू सम्बोधन नगरेको भन्दै संविधान निर्माणकै क्रममा तत्कालिन संविधानसभा छोडेर मधेस आन्दोलनमा गएका थिए । भारतलाई एउटा निहु चाहिएको थियो त्यो निहु मधेसवादी दलहरूले बनाइदिए । त्यसैलाई आधार बनाएर भारतले लामो सयमसम्म नाकाबन्दी लगायो । तर उसले नाकाबन्दी आफूले नगरेको भन्दै विश्वजगतलाई झुक्याउन सफल भएपनि केही भारतीय राजनीतक दलहरू भने नेपालमाथि नरेन्द्र मोदी नेतृत्वको सरकारले नाकाबन्दी नै गरेको उद्घोष गर्दै त्यस विरूद्धमा राष्ट्रियसभा र लोकसभामा समेत बहस चलाउने प्रयास गरे । लोकसभामा बहसै भयो, त्यसपछि मात्र मोदी सरकारले अघोषित नाकाबन्दी अघोषित रूपमै खोले पनि पूर्ण रूपमा इन्धनलगायत अन्य वस्तुहरू आयत हुन सकिरहेको छैन । भारतबाहेक अन्य तेस्रो मुलुकबाट आयात गरिएका सामानहरू समेत भारतमै रोकिएका हुनाले नेपालले ठूलो आर्थिक क्षति व्यहोर्नु परिहरेको छ । तेस्रो मुलुकबाट आयात भएका वस्तुहरू नेपालमा स्वतः आयात हुन पाउनु नेपलाको नैसर्गिक अधिकार भएपनि त्यसलाई समेत भारतले उल्लंघन गरेको छ । त्यति हुँदाहुँदै पनि केपी ओली नेतृत्वमा रहेको सरकार भने भारतले लगाएको अघोषित नाकाबन्दीलाई नाकाबन्दी भन्न सकिरहेको छैन र थिएन पनि । सरकारको विचारमा असमझदारी मात्र हो भन्ने तर्क सरकारले दिइरहेपनि पछिल्लो समयमा भारतले फेरि इन्धनलगयात अन्य अत्यावश्यकीय वस्तुहरू सहज रूपमा नेपाल प्रवेशमा रोक लगाएको हुनाले प्रधानमन्त्री केपी ओलीले असमझदारी हट्यो भन्ने गरेको उद्घोषलाई भ्रमपूर्ण रहेको भारतको व्यवहारले देखाइरहेको छ । प्रधनमन्त्री ओलीको भारत भ्रमणलाई एमालेलगायत अन्य सत्ताधारी पार्टीहरूले सफल भएको बताइरहेका बेला भारतले देखाएको व्यवहारले गर्दा ओलीको भारत भ्रमण सफल भएको स्वीकार गर्न सकिने आधारहरू देखिएका छैनन् । त्यसैले प्रधानमन्त्री ओलीको भारत भ्रमणलाई अहिले नै सफल भएको स्वीकार गर्नु अलिक हतार हुन्छ कि ? भ्रमण सफल भएको भए इन्धनलगायत अन्य वस्तुहरूको आयातमा किन ७० प्रतिशत मात्र ?

भारतले लगाएको अघोषित नाकाबन्दी मधेस आन्दोलन समाप्त भएको यत्तिका दिन वितिसक्दा पनि पूर्णरूपमा नहट्नुले यसभन्दा अगाडि भारतले भन्दै आएको नेपालकै कराण इन्धन लगायतका अन्यवस्तुहरूको आपूर्तिमा असहज अवस्था सिर्जना भएको हो भन्ने उद्घोषमा कुनै सत्यता नभएको प्रष्ठ भएको छ । अहिले नेपाल भारतका कुनै पनि नाकाहरूमा अवरोध छैन, सबै नाकाहरू सहजरूपमा खुलेका छन् । तर आपूर्तिमा असहज अवस्था सिर्जना भएको छैन । नेपालका केही मधेसवादी दलहरूको सहयोग र समर्थनमा भारतले अघोषित नाकाबन्दी गरेपछि नेपाली जनता भारतप्रति आक्रोशित मात्र भएका छैनन्, उनीहरू दिनप्रतिदिन भारत विरोधी खेमामा गएका छन् । भारतीय जनता र नेपाली जनताबीच कुनै कटुता छैन । नेपालीलाई दुःख पर्दा भारतीय जनताले सहयोग र समर्थन गर्दै आएका छन् भने नेपाली जनता समेत भारतीय जनताकै जस्तो व्यवहार देखाइरहेका छन् । जनता जनताबीचमा रहेको सम्बन्धलाई सरकारले कुनै हालतमा पनि तोड्न सक्दैन । त्यसमा पनि नेपाल-भारतबीचको परापूर्व कालदेखि नै विभिन्न कारणहरूले गर्दा घनिष्ट सम्बन्ध रहेको छ । हजारौं नेपाली चेलीहरू भारतीय नागरिकहरूसँग विवाहबन्धनमा बाँधिएका छन् भने भारतीय चेलीहरू समेत नेपाली नागरिकसँग विवाहबन्धनमा बाँधिएका हुनाले नेपाल-भारतबीच धार्मिक, साँस्कृति र वैवाहिक सम्बन्ध रहेको छ । तर त्यति हुँदा हुँदै पनि राजनीतिक दलहरूको पार्टीगत स्वार्थले गर्दा अनाहकमा जनताले दुःखकष्ट पाइरहेका छन् । जनतालाई विभाजन गराएर आफ्नो पार्टीगत स्वार्थ पुरा गर्ने प्रवृत्तिले गर्दा दुवै देशका जनता पीडित भएका छन् ।

संविधानसभाको दोस्रो निर्वाचन पछि सबैभन्दा ठूलो पार्टी भएको कांग्रेस अहिले आफ्नो पार्टीको १३ औं महाधिवेशनमा व्यस्त रहेको छ । त्यही मौका छोपेर संसदको तेस्रो ठूलो दल एमाओवादी सत्तामै भएपनि केपी ओली नेतृत्वको सरकारलाई असफल बनाउनेतिर लाग्न थालेको छ । केपी ओलीको भारत भ्रमणलाई एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले केही समय पहिला सफल भएको बताए पनि फेरि आफ्नो भनाई सच्याउँदै उनले अस्तिमात्र प्रधानमन्त्री ओलीको भारत भ्रमणले पनि निकास दिन नसकेको उद्घोष गर्दै अब कांग्रेसको महाधिवेशन पछि संयुक्त सरकार गठन हुनुपर्ने बताउन थालेका छन् । व्यवस्थापिका संसदमा तेस्रो स्थानमा रहेको एमाओवादी जसरी भएपनि कांग्रेस र एमालेलाई झगडा गराएर आफू सत्ताको बागडोर हातमा लिन चाहिरहेको जस्तो देखिएको छ । अस्तिमात्र एमाओवादी अध्यक्ष दाहालले उद्घोष गरे तेस्रो ठूलो दलको अध्यक्ष आफू भएपनि अहिलेको राजनीति आफ्नै वरिपरि घुमेको छ र अहिले आफू निर्णायक शक्ति भएको बताएपछि फेरि राजनीतिक दलहरू ध्रुवीकरण हुनसक्ने सम्भावन बढेको छ ।

एकातिर दलहरू आ-आफ्नो पार्टीगत र व्यक्तिगत स्वार्थ पूर्ति गर्न लागिपररहेका बेला छिमेकी मुलुक भारतले नेपाललाई दिँदै आएको आर्थिक सहयोग ४० प्रतिशत कटौती गरेर नेपाल भारतबीचको सम्बन्धमा सुधार नआएको संकेत दिएको छ । भारतले प्रत्येक वर्ष केही रकम नेपाल, श्रीलंका, भुटान, माल्दिभ्स, बंगलादेशलगायत विश्वका अन्य केही मुलुकहरूलाई दिँदै आएको छ । अस्तिमात्र भारतीय अर्थमन्त्रीले लोकसभामा पेश गरेको बजेटमा नेपाललाई दिँदै आएको बजेटमा ४० प्रतिशत कटौती गरिएको उद्घोष गरेका छन् । ठीक त्यसको विपरित बंगलादेश, भुटान र माल्दिभ्सलाई भने ठूलो मात्रामा आर्थिक सहयोग बढाइएको छ । भारतले दिँदै आएको अनुदानमा गत वर्ष नेपाललाई ४ अर्ब २० करोड भारतीय रूपैयाँ सहयोग गर्ने भनेको थियो भने अहिले त्यसलाई ३ अर्बमा झारिएको छ ।

भारतले दिने अनुदान रकम कटौती हुनुमा भारतीयहरूको भनाइमा नेपालले तोकिएको समयमा खर्च गर्ने क्षमता नभएको भन्दै रकम कटौती गरेको बताइएको छ । भारतलगायत अन्य दातृ निकायहरूले समेत अर्थमन्त्रालय तथा अन्य सरकारी कर्मचारीहरूलाई भेटेर सहयोग रकम खर्च गर्न नसेकको गुनासो गर्ने गरेका भएपनि नेपाल सरकारका उच्चतहमा बसेका व्यक्तिहरूले कहिल्यै पनि त्यसतर्फ ध्यान नपुर्‍याएका हुनाले अन्य दातृ निकायहरूले समेत अनुदान र ऋण सहयोगमा कटौती गर्ने सम्भावना बढेर गएको छ । भूकम्पपछि विभिन्न मुलुक र दातृ निकायहरूले दिन भनेर प्रतिबद्धता जनाएको रकम समेत खर्च हुन सक्ने सम्भवना न्यून रहेको छ । प्राधिकरण ढिलो गरी गठन भएपनि त्यसले सोचेजति काम गर्न सकिरहेको छैन । केही दिन पहिला मात्र नेपाल आएका एसियाली विकास बैंकका अध्यक्षले प्रधानमन्त्री केपी ओली र अर्थमन्त्री विष्णु पौडेललाई भेटी खर्च बढाउने क्षमता विकास गर्न आग्रह गर्नुले पुष्टी हुन्छ, सहयोग आएपनि सरकार खर्च गर्न सक्दैन ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी डेढवर्ष अघि नेपाल आउँदा उनले एक अर्ब डलर बराबरको नरम कर्जा नेपाललाई उपलब्ध गराउने प्रतिबद्धता जनाएका थिए, तर त्यो रकम त्यत्तिकै रहेको छ । भूकम्पबाट क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि भएको दाता सम्मेलनमा समेत भारतले एक अर्ब डलरको प्रतिबद्धता जनाएकोमा ओलीको भारत भ्रमणमा २५ करोड डलर दिने सम्झौता भएको छ । यस अघि ३५ करोडको प्रतिबद्धतामा २० करोड डलर खर्च हुन बाँकी रहेको छ । पर्याप्त मात्रामा अनुदान सहयोग आएपनि दलहरूको खिचातानीकमै कारण खर्च नहुने भएपछि अब क्रमशः अनुदान र ऋण रकम घट्दै जाने भएको छ । यसैले प्रमाणित हुन्छ सरकार र राजनीतिक दलहरू देश विकास र जनताको पक्षमा नभएर कुर्सीको हानाथापकै लागि अगाडि बढेको छन् भन्ने ।

devendrachudal@gmail.com

# पुरातात्विक महत्वको बौद्धचित्र चोरी भएको आशंका


राजन कार्की

चोरको बिगबिगी छ नेपालमा । जनताको मन चोर्नेदेखि देशका सम्पदा चोर्नेसम्मका चोर छन् । यतिले नपुगेर मौका खोज्दै विदेशी ब्वाँसाहरू पनि चोर्न नेपालमै पस्ने गरेका छन् । नेपालको बैंश चोरे, जवानी चोरे, गौरव र गाथा चोरे, अब के के चोर्ने हुन् ?

जनविश्वास चोरे, जनआशा र अपेक्षा चोरे । जनाधिकार चोरियो, जनादेश चोरिएकै हो । जनप्रतिनिधिसमे चोरिने देशमा केही पनि सुरक्षित नहुने भयो, सबै चोरीको खतरामा छन् ।

चोरिने क्रममा तेह्रौंदेखि सोह्रौं शताब्दिमा पनि नेपालमा चित्रकलाको व्यापक प्रगति भएको सम्पदा चोरियो । यस्तै एउटा भव्य बुद्ध चित्रकला नेपालले प्राप्त गरेर राष्ट्रिय अभिलेखालयमा सुरक्षित राखेको थियो । अब त्यो सुरक्षित छ कि छैन, न चोरिइसक्यो ?

तीन दशकअघिको कुरा हो, राष्ट्रिय अभिलेखालयबाट साह्रै हिफाजत र सुरक्षाका साथ राखिएको नेपालको सबैभन्दा पुरानो र दुर्लभ त्यो चित्रकला एकाएक हरायो । चोरी भयो । यसको जिम्मेवारी कसैले लिएन, कसैलाई दोषी ठहर पनि गरिएन । यो चित्रकलाको खोजी व्यापक रूपमा भएको हो तर सुरक्षा निकायले अत्तोपत्तो पाउन सकेन । पुरातात्वीक महत्वको त्यो चित्रकला कसले चोऱ्यो होला ? रहस्यमय यो घटना रहस्यमै रह्यो ।

अचानक गतवर्षको मार्च महिनामा त्यो चित्रकला अमेरिकाको न्यूयोर्कमा प्रदर्शन गरियो । अमेरिकी 'क्रिष्टी' विश्वभरका पुराना चित्रकला संकलक र बिक्रेता हुन् । उनले नेपालको दुर्लभ चित्रकलालाई प्रदर्शन र लिलाममा राखेको देखिएपछि नेपालमा ठूलै हल्लाखल्ला मच्चियो । नेपालले व्यापक कूटनीतिक चातुर्यताका साथ आग्रह गरेपछि त्यो चित्रकला नेपाल फर्काएको हो । अभिलेखालयबाट हराएको पुरानो चित्रकला अभिलेखालयमा नै फिर्ता आयो । तर त्यो चित्रकलाको उचित रेखदेख हुन नसकेर नष्ट हुने स्थितिमा पुगेको खबर छ । केही व्यक्तिले त त्यो चित्रकला फेरि चोरिसकेको आशंका पनि गरेका छन् ।

भनिन्छ, त्यो बुद्धचित्र तान्त्रिक बिधिअनुसार बनाइएकाले यसको ठूलो महत्व छ भन्छन् बुद्धिष्टहरू ।

आशंका के पनि गरिएको छ भने अति राजनीतिकरण र माफियातन्त्रका कारण त्यो चित्रकला फेरि चोरी भएको हुनसक्छ । चित्रकला फिर्ता आएपछि सुरक्षित राखिएको होला भन्ने विश्वास गरिएको हो । तर अभिलेखालयले त्यो चित्रकला सुरक्षित छ भनेर भनेको अवस्था छैन । चार्ल्स शोभराज भन्ने माफियाकिङ अहिले पनि नेपालका जेलमा छन् । उनी खुलेआम भन्छन्– नेपालको एयरपोर्टबाट हात्ती पनि छिराउन सकिन्छ । हुन पनि नेपालको प्रशासन र सुरक्षा निकाय राजनीतिक भ्रष्टाचारको मिलेमतो र सरसंगतले भुत्ते खुकुरी बनिसकेको छ । कुनै बेला विश्व प्रशंसा पाएको नेपालको सुरक्षा निकाय भ्रष्टाचारले गनाइरहेको छ ।

पहिलेदेखि नै सुरक्षाकर्मीहरूसँग सेटिङ मिलाएर नेपालका निधिहरू, वन्यजन्तु, वनौषधि, बहुमूल्य बस्तुहरू चोरी गर्ने र विदेशमा लैजाने माफियाहरू सक्रिय छन् । अहिले पनि जेलमा रहेका चार्ल्स शोभराज नेपालको सुरक्षाप्रवन्धलाई चुनौति दिइरहन्छन् । अध्यागमन, प्रहरी, एयरलाइन्स कर्मचारी र अन्य सुरक्षाकर्मीकोसंलग्नतामा दिनहुं हुने मानवदेखि अन्य तस्करी धन्दा देख्दा शोभराजले गलत बोलेका हुन् जस्तो लाग्दैन । नेपाल सुरक्षामा कमजोर बन्दैगएको छ । हालैमात्र अनेक मुलुकका नागरिकलाई सेटिङ मिलाएर थाइलेण्ड उडाएका घटना सार्वजनिक भएका छन् ।

**आशंका के पनि गरिएको छ भने अति राजनीतिकरण र माफियातन्त्रका कारण त्यो चित्रकला फेरि चोरी भएको हुनसक्छ । चित्रकला फिर्ता आएपछि सुरक्षित राखिएको होला भन्ने विश्वास गरिएको हो । तर अभिलेखालयले त्यो चित्रकला सुरक्षित छ भनेर भनेको अवस्था छैन । चार्ल्स शोभराज भन्ने माफियाकिङ अहिले पनि नेपालका जेलमा छन् ।**

नेपालबाट मन्दिरका टुंडालहरू, बुद्धका बोधिबृक्ष काटेर बनाइएका पिर्कांहरू, पुरातत्व महत्वका थाङ्का र अन्य बस्तुहरू दिनहुँ गायब भइरहेका छन् । कतिपय क्षेत्रका मूर्तिहरू पनि गायब हुने गरेका छन् । लाग्छ, ती सबै पुरातत्व महत्वका बस्नुहरू धमाधम विदेश निकासी भइरहेको छ । हुन त नेपाली सेनाले समेत पुराना हतियार बेचेका दृष्टान्तहरू छन् । पुराना भनेपछि कामै लाग्दैन भन्ने गलत मानसिकताले गर्दा स्वार्थ केन्द्रितहरू साना साना स्वार्थमा देशका ठूला निधिहरू विदेशीलाई बेचिरहेका छन् । कतिपय निधिहरूलाई त क्रान्तिकारहिरूले हम्मरले हानेर तोडफोड गरेका घटना पनि देखेका छौं । बुझ्नेलाई श्रीखण्ड, नबुझ्नेलाई खुर्पाको बिड भनेझैं हाम्रा अमुल्य बस्तुहरू, ऐतिहासिक र गौरवपूर्ण कुराहरू खुल्लमखुल्ला बिक्री भइरहेका छन्, खण्डित र बिनष्ट गरिदै पनि छन् । इतिहासको महत्व हामीले नबुझ्े पनि आउने पुस्ताका लागि संरक्षण गरिदिन सके त्यसले ठूलै महिमा कायम हुनसक्थ्यो । संस्कृतिको बिनासले देश विनास भएका अनेक घटना हामीले यतिखेर बिर्सिरहेका छौं । इतिहास नभई हामी वर्तमान हुन सकेनौं भन्ने शासकहरूले कहिले बुझ्नेहोला ? आमनागरिकलाई कहिले बुझाउने ?

हाम्रै आफ्नै दुर्लभ चित्रकलाहरू विदेशमा देखिनु हाम्रा लागि लज्जाको विषय हो । भनिन्छ, पूर्वराजाले लगाउने असली श्रीपेच पनि कलात्मक, कलाकारितापूर्ण कारिगरीको नमूना थियो । त्यो श्रीपेच कतारको हात लागेको छ र कतारले प्रदर्शन पनि गरिसकेको छ । कतारलाई अनुरोध गरेर त्यो असली श्रीपेच नेपाल फर्काउन सके नेपालको ऐतिहासिक निधि हुनसक्थ्यो । ढुंगाका अनेक मूर्तिहरू, तामा तथा ढलौटका कलापूर्ण मूर्तिहरू पनि विदेशका विभिन्न स्थानमा छन् । पोलेण्डको एसिया म्यूजियमको मुख्यद्वारमै नेपालको घण्ट सजाइएको छ । किन सजायो होला पोलेण्डले ? कति पुरानो हो त्यो घण्ट ? कहाँबाट कसरी त्यहाँ पुग्यो नेपाली घण्ट ? नेपालको संस्कृतिको मोह विदेशीलाई छ, हामी बेवास्ता गरिरहेका छौं ।

नेपाली पुरातत्वसँग सम्बन्धित बस्तुहरू हराइरहेका छन्, बिनास भइरहेका छन् र जगेर्ना गर्न हामी र हाम्रो सरकार चासो दिइरहेको छैन ।

इतिहास र पुरातत्व, संस्कार र संस्कृतिको जगेर्ना भनेकै राष्ट्रियता बलियो पार्ने आधारभूमि पनि हो । यो आधारभूमिमा हाम्रो संस्कृति मन्त्रालय किन ध्यान दिइरहेको छैन ?

पञ्चायतको पालामा ठूला ठूला मूर्तिहरू क्रेनले उचालेर विदेश लगिएका चर्चाहरू गरिन्थे, ती चर्चाहरू यतिखेल सेलाएका छन् । राजनीति माफियाकरणको जालोमा पर्दै गएपछि नेपालको बिधि बन्दकीमा पऱ्यो र निधिहरू विदेश लगेर बेच्ने क्रम पनि बढेको छ । लोकतन्त्रमा कडा बिधिको शासन हुनुपर्नेमा फितलो नेताको शासन भएकाले यस्तो हुन गएको विश्लेषकहरूको मत छ । यस्तै अवस्था रहे देश कंगाल हुँदै जानेछ ।

हुन त नेपाली संस्कृति, इतिहास, बुद्ध, प्रकृति सबै कुराले धनी छ । यो धनलाई जोगाउने भन्दा विदेशीलाई लुटाउने प्रवृत्ति हाम्रो ठूलो कमजोरी हो । हामी केही पैसाका लागि, सानो स्वार्थका लागि मौलिकता गुमाइरहेका छौं र गुमाएर धनी बनेको स्वाङ पारिरहेका छौं । अब स्वाङ छाड्ने कि ?

---

# संविधान कार्यान्वयनमा कांग्रेस नेतृत्व

*गोविन्द भट्टराई*

नेपाली कांग्रेसको स्थापना त्यतिखेर युवाहरूले नै गरेका हुन् । कांग्रेसको सैद्धान्तिक धरातल तथा आदर्श राष्ट्रियता, प्रजातन्त्र र समाजवाद नै हो । मुलुकको समग्र रूपमा हित भयो भने युवाका मुद्दा पनि त्यसैमा समेटिन्छन् । पछिल्लो समय दिनानुदिन नयाँ किसिमको प्रविधि भित्रिने र त्यसलाई युवाले सहजै आत्मसात् गर्न सक्ने भएकाले उनीहरूको हातमा नेतृत्व पुग्न सके समयसापेक्ष ढंगमा पार्टी सञ्चालन हुन सक्छ भन्ने 'ट्रेन्ड' विश्वभर देखिएको छ । अमेरिका, बेलायतलगायत विकसित मुलुकमा यस्तो ट्रेन्ड सुरू भइसकेको छ, अन्य मुलुकले पनि यसलाई पछ्याउँदै गएका छन् ।

सुझबुझवाला क्रान्तिकारी, नयाँ भिजन दिनसक्ने तथा पार्टीलाई चुस्तदुरुस्त रूपमा हाँक्न सक्ने, प्रतिपक्षीलाई वैचारिक रूपमा चुनौती दिन सक्ने क्षमता युवामै हुन्छ । कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीमा आवधिक निर्वाचनमार्फत नयाँ नेतृत्व चयन गर्दा युवालाई नेतृत्व तहमा भूमिका दिनु अहिलेको आवश्यकता हो । महाधिवेशनबाट केन्द्रीय समितिमा अधिकांश युवा पुगेमा मात्रै अन्य पार्टीसँग समग्र हिसाबले 'ट्याकल' गर्न सजिलो हुन्छ ।

मुलुकलाई विकासको गतिमा अघि बढाउने युवाले नै हो । तर, तिनै युवा हाम्रो मुलुकमा अनेकन समस्यामा जकडिएका छन् । युवाको पहिलो समस्या उचित शिक्षा पाउन नसक्नु नै हो । गरिबी निवारणका धेरै आधार हामीसँग छन् । जलस्रोत, जडीबुटीको विकासलगायतका आधार त हामीसँग छँदै छन्, तर स्थायी रूपमा मुलुकको गरिबी समाप्त पार्न आजका बालबालिका र भोलिका राष्ट्रनिर्माणका कर्णधारलाई विश्वस्तरीय शिक्षा दिन जरूरी छ । हाम्रो पहिलो आवश्यकता विश्वस्तरीय शिक्षाको विकास नै हो । त्यस स्तरको शिक्षाको विकास भयो भने, स्थायी रूपमै नेपालको गरिबी समाप्त हुन्छ । सरकारले शिक्षा नीतिमै उल्लेख गरेर सबै बालबालिकालाई विद्यालय पुऱ्याउनुपर्ने दबाब सिर्जना गरेको छ । तर, गाँस, बास र कपासको व्यवस्था कसरी गर्ने भन्ने नीति तथा कार्यक्रम भने तर्जुमा गरेको छैन । गरिबलाई शिक्षाको पहुँचमा पुऱ्याउन निःशुल्क शिक्षाको योजना ल्याएर मात्रै हुँदैन, उनीहरूको गाँस, बास र कपासको व्यवस्थापन कसरी गर्ने भन्ने योजना तर्जुमा पनि सरकारले नै गर्नुपर्ने आवश्यकता हुन्छ । यसो गर्न सकिएमा १५ देखि २० वर्षभित्रमा नेपालको गरिबी निमिट्यान्न हुन सक्छ । यस्ता नीति निर्माणको नेतृत्व कांग्रेसभन्दा अन्य कुनै दलबाट सम्भव छैन । त्यस विषयमा महाधिवेशनमा गम्भीर बहस र छलफल हुनु आवश्यक छ ।

मुलुकलाई डोऱ्याउने युवा आफैं रोजगारी नपाएर छटपटाइरहेका छन् । रोजगारीका लागि उद्योगधन्दा, कलकारखानाको विकास गर्न आवश्यक छ । राजनीतिक अस्थिरताले विदेशी पुंजी नेपाल भित्रिन सकिरहेको छैन । लोकतन्त्र प्राप्तिका लागि एक पुस्ताले जीवनभरको लगानी गरेको छ । ०४६ सालमा लडेर ल्याएको प्रजातन्त्र राजाले खोसेपछि ०६२/६३ मा पुनः आन्दोलन गरी फिर्ता ल्याउनुपऱ्यो । अहिले आएको लोकतन्त्र पनि स्थायी हुन्छ भनेर ग्यारेन्टी गर्न सक्ने अवस्था छैन । किनकि, यसका चुनौतीलाई अझैसम्म हामीले साम्य पार्न सकेका छैनौं । लोकतन्त्रको स्थायित्व, संविधानको संरक्षण र कार्यान्वयनमा युवाको दृष्टिकोण एकत्रित हुन सक्यो भने मुलुक विकासको गतिमा अघि बढ्न सक्छ ।

स्थापनाकालदेखि अहिलेसम्म कांग्रेसले उठाउँदै आएका एजेन्डा सफल भएका छन् । कम्युनिस्टले नयाँ व्यवस्था ल्याउँछौं भनेर पटक-पटक आन्दोलन गरे पनि उनीहरु अन्त्यमा कांग्रेसकै एजेन्डामा सहमत भए । राजतन्त्रलाई सर्वमान्य मान्नेहरु, पञ्चायती व्यवस्थाको वकालत गर्नेहरु पनि अहिले संविधानसभामार्फत जनप्रतिनिधिले बनाएको लोकतान्त्रिक संविधानमा हस्ताक्षर गरेर वर्तमान सरकारमा सहभागी भएका छन् । त्यसैले तीन धारमा रहेका दलहरु एउटै सूत्रमा रहेकाले अबका युवामा कुन धारमा रहने भन्ने द्वन्द्व नहोला । हुन पनि जरूरी छैन । अब विभिन्न दलमा रहेका लोकतन्त्रमा आस्था राख्ने युवाबीच लोकतान्त्रिक प्रणालीमा निर्वाचनमा हुनुपर्छ । आ-आफ्ना भिजन र योजनाले मुलुक सञ्चालन गर्ने व्यवस्था निर्माण गरी त्यसलाई संस्थागत गर्नुपर्छ । लोकतन्त्रलाई स्थायित्व नदिइँदासम्म युवाका समग्र विषयलाई उठान गरी समस्या समाधान गर्ने रणनीति बनाउनसमेत हामी असमर्थ हुनेछौं । लोकतन्त्रको स्थायित्व हुन पनि युवाकै नेतृत्वविना असम्भव छ ।

जनप्रतिनिधिले संविधानसभामार्फत बनाएको संविधान यसअघिका संविधानभन्दा युवामैत्री छ । बेरोजगार युवालाई रोजगारी दिने, घरबार र जग्गाविहीन दलितलाई एकपटकका लागि दुवैको व्यवस्था गरिदिने, आधारभूत शिक्षा र स्वास्थ्यको व्यवस्था राज्यले गर्ने व्यवस्था संविधानमा गरिएको छ । त्यसलाई कार्यान्वयन तहमा लैजाने राजनीतिक दलले नै हो । कांग्रेस नेतृत्वमा संविधान जारी भएकाले अब पनि कांग्रेसकै नेतृत्वमा संविधान कार्यान्वयनको सुरुवात गरिनुपर्छ । १३औं महाधिवेशनले संविधानमा उल्लेख भएका एजेन्डालाई यथासम्भव कार्यान्वयनका लागि रणनीतिमूलक योजना तर्जुमा गर्न आवश्यक छ । ती योजना तर्जुमा गर्नका लागि अहिले महाधिवेशन प्रतिनिधि बनेर आएका तमाम युवाले आवाज उठाउनुपर्छ । तब मात्र पार्टी युवामैत्री बन्न सक्छ । अन्य पार्टीका युवासमेत कांग्रेसतर्फ आकर्षित हुन सक्छन् ।

# नेतृत्व हस्तान्तरण गर्नुपर्ने आजको आवश्यकता

*डा. पुष्पज राय*

मधेश आन्दोलन छैठो महिनाको उमेर प्राप्त गरिसकेको छ । विभिन्न आरोह-अवरोह पार गर्दै राज्यको आतंकवादी सदृश आक्रमणको सामना गर्दै रक्तरंजित परिदृश्यसँग आँखा जुधाउँदै अनेकौं वीर योद्धाहरूको प्राणोत्सर्ग गर्दै आन्दोलनले एउटा लामो यात्रा तय गरिसेको छ ।

गन्तव्य अनिश्चित एवं अनिर्णित देखिएपछि आन्दोलनको यात्रा लम्बिनु स्वभाविक नै हो । यात्रा लम्बिए मूल्य अत्यधिक चुकाउनु पर्ने स्वाभाविक नै हो र उक्त मूल्य राज्य एवं आन्दोलनकारी दुवै पक्षले चुकाउने पर्ने छ । यसमा दुईमत छैन । मूल्य अधिक चुकाउनु पर्ने भए आन्दोलनले अंगीकार गरेको मार्ग, मार्गचित्र एवं गन्तव्य स्वभाविक रूपमा प्रारम्भमा अंगीकार गरे अनुरूप नभई परिवर्तित हुँदै माग बढ्दै जाँदै पृथक अस्तित्वसम्मको मागमा हुन पुग्छन ।

यो आन्दोलनको स्वाभाविक प्रक्रिया हो । विश्वमा अनेक काल खण्डमा भएका विभिन्न आन्दोलनका परिणामले यसलाई पुष्टि गरिसकेका छन् । मधेश आन्दोलनसँगै मधेशमा बढदै गएको राज्यविहीनताले पृथकतावादी आन्दोलनको आधार भूमिलाई सबलीकरण गर्दै पृथक राष्ट्रको अघोषित सीमाङ्नको उदय हुँदै गएको छ ।

ग्रामिण जनस्तरसम्म आफ्ना प्रभाव देखाउन सक्षम एवं सफल भएको मधेश आन्दोलन हाल राज्यको कुत्सित मनसाय एवं कुकृत्यका कारण कठोर निर्णय लिन बाध्य भएका छन् । करिब अढाइ सय वर्षको राज्यप्रदत शोषण, दमन, अपमानले गर्दा भएको घाउमा यस मधेश आदोलनको पाँच महिनामा राज्यले गरेको ताण्डव नृत्यले बारूद भर्ने कार्य गरेको छ । यति मात्र हैन राज्यले जन-जनमा मानसिक रूपमा वारूदी भण्डारण गर्ने कार्य मात्र हैन बरू जान नजानी विस्फोट हुने परिस्थिति पनि निर्माण गर्दै गएको देखिन्छ । जुन निश्चय पनि राष्ट्रका लागि आत्मघाती सिद्ध हुनेछ ।

राज्यको अदुरदर्शी कुकृत्यले पृथक राज्यको उर्वर मनोभूमिको जग बसाली अकल्पनीय घटनालाई आमन्त्रण गरेको छ । आफ्नो अधिकारका लागि शान्तिपूर्ण आन्दोलन गर्नु नैसर्गिक अधिकार एवं विश्वमै सर्वमान्य रहेको मौलिक अधिकारमध्ये पर्दछ । मधेशले कुनै अपराध गरेको छैन । बरू शदियौंका राज्यप्रदत शोषण दमन एवं अपमानको दारूण व्यथालाई बिर्सी आफ्ना पूर्वजका रगतद्वारा सिंचित विरासतलाई समेत तत्काल थाती राखी संयमित भई न्यायोचित समान नागरिकका अधिकार मात्र मागेको हो ।

पाण्डवको सम्पूर्ण हस्तिनापुर माग्ने अधिकार भए पनि संयम संतोष एवं आदर्शलाई आत्मसात गरि पाँच गाउँ माँगेर अवश्यंभावी युद्धलाई रोक्ने प्रयास जस्तै मधेशीलाई मधेश मात्रै होइन मधेशीको राष्ट्र माथि रहेको अजस्र अनुदान एवं योगदानले गर्दा सम्पूर्ण राष्ट्र माग्ने अधिकार रहेको हुँदा-हुँदै पनि अवश्यंभावी युद्धलाई टार्न पाँच गाउँ बराबरको माग सरह मात्र माग गरेको छ । तर राज्य नागरिकको मौलिक अधिकार समेत हनन गर्ने दुःसाहस गरेको छ ।

राज्यले आफ्नो नागरिक हैन शत्रु एवं आतंकवादी जस्तो दुर्व्यवहार गरि राज्यसँग दूरी एवं विभाजन ल्याउन विवश बनाएको छ । राज्यले मधेश आन्दोलनलाई कहिल्यै पनि आन्दोलनको रूपमा मान्यता न दिएन । अहिले पनि मधेश आन्दोलनलाई राज्यले नौटंकीको रूपमा लिएको छ । यसमा राज्यको मानसिकता लाई मलजल गरिरहेका छन् जयचन्द्र प्रवृति एवं प्रकृतिका मधेशका नालायक सन्तानहरु जसले आफ्नै मातृभूमिको अस्मितालाई पनि सौदाबाजीको वस्तु नै ठान्दछन् ।

मातृभूमिबाट जन्मदेखि अर्थ, सम्मान एवं पद समेत पाउँदा पनि क्षणिक स्वार्थ लोलुपताका कारण मातृभूमिको अस्मितालाई परवाह नगर्ने कस्तो सन्तान हुनसक्छ र कुन नामले उक्त कुपात्रलाई सम्बोधन गर्ने र कस्तो व्यवहार एवं सम्बन्ध राख्नु पर्दछ सच्चा एवं सुपुत्रलाई कमसेकम अवश्य थाहा भएको हुनुपर्दछ । क्षणिक स्वार्थलोलुपताबाट वशिभूत यस्ता मातृद्रोहीहरूले क्षणिक केही प्राप्त गरिहाले पनि अन्ततः अन्तमा आफ्ना सर्वस्व गुमाएको पाउँछ ।

समय र समाजले हरेक कृत्यलाई सूक्ष्म रूपमा अवलोकन गरिरहेको हुन्छ ।

**राज्यले आफ्नो नागरिक हैन शत्रु एवं आतंकवादी जस्तो दुर्व्यवहार गरि राज्यसँग दूरी एवं विभाजन ल्याउन विवश बनाएको छ । राज्यले मधेश आन्दोलनलाई कहिल्यै पनि आन्दोलनको रूपमा मान्यता न दिएन । अहिले पनि मधेश आन्दोलनलाई राज्यले नौटंकीको रूपमा लिएको छ । यसमा राज्यको मानसिकता लाई मलजल गरिरहेका छन् जयचन्द्र प्रवृति एवं प्रकृतिका मधेशका नालायक सन्तानहरू जसले आफ्नै मातृभूमिको अस्मितालाई पनि सौदाबाजीको वस्तु नै ठान्दछन् ।**

मधेश आन्दोलन जुन गति ताप र तेजले उत्कर्ष प्राप्त गरे पनि तत्काल परिणाम प्राप्त गर्न असफल भएका छन् । यसबाट धृतराष्ट्र एवं दुर्योधन प्रवृतिबाट ग्रसित राज्य पक्ष विजयी भावको अनुभूति गरिरहेको देखिन्छ भन्ने आन्दोलनकारी अभियन्ताहरु अझ आक्रामक आन्दोलनको ग्रैन्ड डिजायनमा विवशतावश मस्तिष्कलाई केन्द्रित गरेको छ भन्ने मधेशी जनता कुनै पनि मूल्यमा आफ्नो स्वाभिमान, पहिचान एवं मातृभूमिको अस्मितालाई सुरक्षित राख्दै स्वायत्त, समृद्ध राख्ने पक्षमा देखिन्छ ।

यसमा कुनै बैनर, पात्र यहाँसम्मकी मार्ग एवं मार्गचित्र फरक भए पनि आफ्ना सर्वस्व न्योछावर गर्न मधेशी जनता तैयार रहेको देखिन्छ । यस्तो परिस्थितिमा धृतराष्ट्र र दुर्योधन जस्तै अन्यायपूर्ण तरिकाबाट विरासतमा पाएको न राज्य बचाउन सके न स्वयं आफ्ना वंश नै यस्तै दुर्घटनाको पुनरावृति हुन सक्दैन भन्न सकिदैन ।

इतिहासबाट पाठ सिक्दै वर्तमान परिस्थितिको रूझानलाई दृष्टिगत गर्दै आवश्यक प्रबन्ध नगरिए अवश्यंभावी घटनालाई टार्न असम्भव देखिन्छ । निर्णायक भनि उदघोष गरिएको मधेश आन्दोलनको परिणामविहीनताले निश्चय नै मधेशी मोर्चाका नेताहरूको नीति, नीयत एवं क्षमता माथि प्रश्नवाचक चिन्ह खडा गरेको छ । यसको समुचित उत्तर समयमै मधेशी जनता समक्ष यी नेताहरूले दिनै पर्दछ किनभने मधेशी जनताले यस आन्दोलनमा सक्दो कुनै कशर बाँकी राखेन ।

यी नेताहरूले समुचित उत्तर दिन नसके आन्दोलनलाई थाती राखी नेतृत्वको हस्तान्तरण अर्को नेतालाई सुम्पिदिनुपर्दछ । अन्यथा मधेशले त्यस्ता पात्रलाई कहिले माफी दिन सक्ने छैन ।

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
सिन्ह्वा कम्पनी प्रा.लि.
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१२०



# पात्र बदलियो, बदलिएन प्रवृत्ति ?

*खुशीलाल मण्डल*

नेपालमा राजनीतिकक परिवर्तनपछि त्यसको लक्ष्य विफल हुनुमा शासकको नियतमा खोट रहेको प्रमाणित भइसकेको छ । २००७ सालको जनक्रान्तिपछि राजा त्रिभुवन आफैले जारी गरेको देशको प्रथम संविधानअनुसार संविधानसभाको चुनाव नगराई २००९ सालमा संविधान संशोधन गरी सल्लाहकार सभा गठन गर्नुभएको र २०१० साल माघ १० गते दोस्रो संशोधन गरी जनतामा निहीत सार्वभौमिक अधिकार हनन् गरी आफैमा निहीत गर्नुभयो । राजा त्रिभुनवको प्रतिगामी कदमका सहयोगी दरबारी तत्व मात्र होइन नेपाली कांग्रेसका क्रान्तिकालीन अध्यक्ष मातृका प्रसाद कोइराला तथा जिन्दा शहीद घोषित टंकप्रसाद आचार्य, डा. दिल्लीरमन रेग्मी, डा. के.आई. सिंहसमेत बन्नपुगे ।

राजा त्रिभुवनको निधनपछि नवराजा महेन्द्रको कोपका शिकार सर्वप्रथम मातृका प्रसाद कोइराला बने । २०१२ सालमा प्रधानमन्त्री बनाइएका टंकप्रसाद आचार्यलाई राजा महेन्द्र ६ महिनाभित्र र डा. के.आई. सिंहलाई एक सय दिनभित्रै राजीनामा गराई २०१५ सालसम्म प्रत्यक्ष शासन गरे । २००९ सालमा राजा त्रिभुवन संविधानसभाको चुनाव गराइदिएको भए राजा महेन्द्रको प्रत्यक्ष शासन गर्ने हौसला बढ्ने थिएन । २०१९ साल पुस १ गते राजनीतिक दलका नेतामाथि देशमा राष्ट्रिय संकट उत्पन्न गरेको अभियोग लगाई शिशु प्रजातन्त्रको हत्या गर्ने महत्वकांक्षा जाग्ने थिएन र नेपाली जनतालाई ३० वर्षसम्म प्रजातन्त्र प्राप्तिका लागि संघर्ष गर्नुपर्ने थिएन र हजारौं नेपालीलाई जेलनेलको सजायको साथै गोलीको शिकार बन्नुपर्ने थिए, सम्पत्ति गुमाउनुपर्ने थिएन ।

२०४६ चैत्र २६ गते प्रजातन्त्र पुनर्स्थापनाको पूर्वसन्ध्यादेखि हामीले ०७ सालको जनक्रान्तिको लक्ष्य पूरा गर्न संविधानसभाद्वारा संविधान निर्माण गरी देशको सन्तुलित र समग्र विकासका लागि संघीय व्यवस्थामा जानुपर्ने, मधेशी, आदिवासी जनजाति, दलित, महिलाको समानताको हक सुनिश्चित गराउन संवैधानिक व्यवस्था गर्नुपर्ने र नागरिकता समस्या समाधान गर्नुपर्ने माग अघि सारेपछि हाम्रो मागलाई विघटनकारी एवम् साम्प्रदायिक ठहराइयो । गजेन्द्रनारायण सिंहको नेतृत्वमा सो माग पत्र तत्कालीन प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउन जाँदा गजेन्द्र नारायण सिंह र उहाँका सहयोगीमाथि निर्ममतापूर्वक लाठी प्रहार गरियो । पचासौं जना घाइते भए । केही व्यक्तिद्वारा लिखित एवम् मन्त्रिपरिषद्द्वारा संशोधित संविधानलाई विश्वको सर्वोत्कृष्ट घोषित गर्ने धृष्टता भयो । ०४७ सालमा हाम्रो माग मानेको भए दशवर्षसम्म आन्दोलन र राजा ज्ञानेन्द्र प्रतिगमनको पथमा लाग्ने थिएन ।

मधेशी, जनजाति, दलितको हक कटौती गर्ने सो बखतका मुख्य दल नेपाली कांग्रेस तथा संयुक्त वाम मोर्चा एकमत भए पनि दुई दलको निहीत स्वार्थ चरम चुलीमा पुग्यो जसको प्रमाण ०४८ सालको चुनावद्वारा गठित दोस्रो संसदलाई अवरोध गरी २१औं दिन जति कामकाज ठप्प गऱ्यो । २०५६ सालको चुनावमा धाँधली भएको आरोपमा ६० दिनभन्दा बढी संसद अवरोध गरेपछि प्रधानमन्त्री केपी भट्टराई आफ्नै संयोजकत्वमा उच्चस्तरीय आयोग गठन गरी सो समितिका एक घटक नेपाल सद्भावना पार्टी चुनावमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्नुपर्ने सुझाव पेश गरेपछि सत्ताधारी दल नेपाली कांग्रेस एवम् मुख्य विपक्षी दल एमालेबीचको मतभेद विलुप्त भएर दुई दलद्वारा २५ वर्षसम्म निर्वाचन क्षेत्रमा परिवर्तन नगर्ने सहमति भएर आयोगको औचित्य समाप्त गरे । नेपाल सद्भावना पार्टी पूर्ण समानुपातिकको माग पेश गर्नु मुख्य दुई दलका लागि चुनौतीपूर्ण भयो । तर, इतिहासले के प्रमाणित गरिसकेको छ भने निर्वाचन कार्यान्वयन त के त्यसको पाँच वर्षभित्रै ०४७ सालको संविधान विस्थापित गर्न २०६२ बैशाख २५ गते कांग्रेस एवं एमाले बाध्य भए । कारण बन्यो नेपाली कांग्रेस भित्रको आन्तरिक विवाद । प्रधानमन्त्री देउवाद्वारा संसद विघटनको सिफारिस एवम् राजा ज्ञानेन्द्रको प्रजातन्त्र विरुद्ध प्रतिगमनकारी कदम ।

**संविधानसभाको दोस्रो चुनावपछि मधेशवादी दलका नेताहरू असहाय भएको आफ्नै क्रियाकलापबाट प्रमाणित गरिसकेको छ । जसको प्रमाण ०६३ सालदेखि मधेशविरोधी क्रियाकलापमा संलग्न भएको एमाओवादी, विमाओवादीसँग गठबन्धन गर्नु नै सोको परिणाम हो । ६ महिनादेखि जारी मधेश आन्दोलन कुनै दलविशेषको आह्वानमा होइन मधेशी, थारू, मुस्लिम, पिछडावर्ग, दलित समुदाय स्वस्फूर्त रूपमा आफ्नो अधिकारका लागि आन्दोलनमा होमिएका हुन् ।**

प्रतिगमन विरोधी आन्दोलनमा जनसहभागी न्यून भएपछि २०६२ बैशाख २५ गते आन्दोलनकारी सात दल राज्य पुनर्संरचना गर्न राज्यका अंगहरूमा मधेशी, जनजाति, आदिवासी, दलित एवम् महिला वर्गको सहभागिता बढाउनु आरक्षणको व्यवस्था गर्ने, नागरिकता समस्या समाधान गर्ने र संवैधानिक प्रश्नको निरोप गर्ने प्रतिबद्धता गरी संयुक्त दस्तावेज जारी गरेपछि सशक्त आन्दोलनद्वारा नेकपा माओवादीसँग २०६२ मार्ग ७ गते १२ बुँदे सहमति भएर माओवादी पनि सडक आन्दोलनमा सहभागी भएको हो । ०६२ बैशाख २५ गतेको संयुक्त दस्तावेज २०४७ सालको संविधानको मृत्यु प्रमाणपत्रमा औपचारिक हस्ताक्षर हो ।

जनआन्दोलनको सफलतापछि मुख्य दल नेपाली कांग्रेस, एमाले र माओवादीमा २००९ सालदेखि देशमा व्याप्त रोग पुनः हावी भएर माओवादी जस्ता आफूलाई महान क्रान्तिकारी दलसमेत आन्दोलनकालीन प्रतिज्ञाहरु बिर्सी ०४७ सालको संविधानका जनप्रतिनिधित्व सम्बन्धी व्यवस्थालगायत धेरै विषय यथावत राखी २०६३ बैशाख २२ गते अन्तरिम संविधानको प्रारुप जारी गरेपछि सो बखतका आन्दोलनकारी मधेशवादी दल नेपाल सद्भावना पार्टी (आनन्दी देवी) त्यसमा विमती जनाइ मधेश बन्दको आह्वान गऱ्यो । २०६३ पुस १० गतेको अभूतपूर्व मधेश बन्द मधेशी जनताको भावनाको द्योतक थियो । प्रमुख ३ दल मधेशीले व्यक्त गरेको भवनालाई प्राथमिकता दिनुको साटो ११ गते शासक समुदायका केही व्यक्तिहरु मधेशीमाथि दमन गऱ्यो र ०६३ साल माघ १ गते मधेशी भावना विपरीत अन्तरिम संविधान जारी गरेपछि नेसपा (आ.)का पदाधिकारी आफ्नो मान्यतामा दृढ रहन नसकी संविधानमा हस्ताक्षर गरे पनि नयाँ चरणबाट मधेश आन्दोलन प्रारम्भ भयो । माघ ५ गते माओवादीका कार्यकर्ताले सो दलको केन्द्रीय पदाधिकारीको सामुने रमेश महतोमाथि गोली प्रहार गरी हत्या गरेपछि मधेशमा आन्दोलनको ज्वाला प्रज्वलित भयो । सोही क्रममा मधेश आन्दोलन दबाउन सेना प्रयोग गर्नु पर्ने माओवादी प्रचण्डको धारणा प्रकाशमा आएपछि मधेश माओवादी प्रति आक्रोशित भयो । ३ सप्ताहको आन्दोलनमा पाँच दर्जन जति मधेशी सपुत शहादत र हजारौं नागरिक घाइते भएपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला संविधान संशोधन गर्ने घोषणा गरेपछि नेसपा (आ.)को एक जना महासचिवले मधेशका ९० प्रतिशत माग पूरा भइसकेको घोषणा गर्न पुगे । २०६३ भदौ २१ गते सरकार र मधेशी जनअधिकार फोरमसँग २२ बुँदाको सम्झौता गरेपनि त्यसलाई लागू गर्ने तत्परता देखाएन । परिणामतः ०६४ साल फागुन १ गतेदेखि मधेशवादी दललाई पुनः आन्दोलन गर्नुपर्ने बाध्यता भयो ।

यहाँ एउटा ऐतिहासिक घटनाको उल्लेख गर्न अप्रांगिक ठान्दछु । ०६४ साल फागुन २ गते नेसपा (आ.) भण्डाफोर कार्यक्रम गरी २०६४ फागुन ४ गते मधेशमा भएको सरकारी दमनको विरोधमा अध्यक्ष आनन्दीदेवीले पत्रकार सम्मेलन गरी अन्तरिम व्यवस्थापिका सदस्यबाट राजीनामा गर्नुको साथै सात दलीय संयन्त्रबाट अलग हुने जानकारी गराई ५ गते सभामुख समक्ष राजीनामा पेश गरेपछि सभामुख र प्रधानमन्त्री कहाँ गई संवैधानिक प्रश्न उठाएपछि प्रधानमन्त्रीका दूतहरु मसँग भेट गराउनमा सक्रिय भए । त्यसमा मुख्य भूमिका नेपाली कांग्रेसका मुख्य सचेतक आनन्द ढुंगाना र कांग्रेसी परिवारका सदस्य चन्दशेखर सिंहको थियो । आनाकानी गर्दागर्दै पनि ६ गते ४ बजे म प्रधानमन्त्री निवास पुगे । सो बखत मैले नेसपा (आ.)को विवादको साथै मधेश आन्दोलनको बारेमा पसंग उठाउँदा प्रधानमन्त्री विघटन बाहेक मधेशको सम्पूर्ण माग पुरा गर्ने प्रतिक्रिया दिएपछि मैले प्रतिप्रश्न गरे । विघटनवादी को हो बताइदिनुस् मैले दोस्रो प्रश्न गरे । मधेशी जनअधिकार फोरमसँग गर्नु भएको सम्झौता किन लागू गर्नुभएन म आश्चर्यचकित भए र प्रधानमन्त्री जवाफ दिनु सम्झोता किन भैराखेको छैन । मलाईसमेत जानकारी छैन र आनन्द ढुंगानाँग प्रश्न गर्नुभयो किन सम्झौता कार्यान्वयन भएन, केही बन्दीलाई रिहा गरेर शहीदलाई क्षतिपूर्ति दिएर किन सहमति गर्दैन मेरै सामुने आनन्द ढुंगानासँग प्रश्न गर्नुभयो । स्मरणीय के छ भने सो बखत प्रधानमन्त्री कोइराला गम्भीर विरामी हुनुहुन्थ्यो । मसँग कुराकानी भएको दशदिनपछि सरकार र मधेशवादी दलबीच ८ बुँदे को सम्झौता भएपछि संविधानसभाको चुनाव भएको हो ।

संविधान सभाको चुनावपछि गणतन्त्र घोषणा हुनु नेकपा माओवादी सम्पूर्ण समस्याको निदान भएको देशवासीमा भ्रम सिर्जना गर्ने प्रचार अभियान चलाई ४ वर्ष तीन भन्दा बढी कार्यकाल माओवादी लडाकूको व्यवस्थापनमा लाग्यो भने बाँकी कार्यकाल सहमतिको नाउँमा विभिन्न रिसोर्ट र पाँच सितारा होटलको बैठकमा खर्चियो, एकातिर माओवादी लगायत प्रमुख दल संविधान निर्माण प्रक्रियालाई अवरुद्ध गर्ने क्रियाकलाप गरिरहे भने दोस्रो तर्फ मधेशवादी दल मन्त्री पद र धन मोहमा तल्लीन भए । यहाँसम्म कि ६३ माघको आन्दोलनको श्रेय लिने दलका नेतृत्वपंक्ति सरकारमा सहभागिता पाएपछि माओवादीको प्रवक्ता भएजस्तो अभिव्यक्ति दिनथाले । निर्दोष शान्तिपूर्ण आन्दोलनकारीको हत्या गर्ने माओवादी कार्यकर्ता र निर्देशन दिने नेतृत्वमाथि कारबाही गराउन पहल गर्नुको साटो रमेश महतोको हत्यारामाथिको अभियोग वापस लिने मन्त्रिपरिषद्बाट निर्णय गरे । सत्तासुखका लागि ०६५ सालसम्मको मधेशवादी दलको क्रियाकलाप जगजाहेर भइसकेको छ ।

संविधानसभाको दोस्रो चुनावपछि मधेशवादी दलका नेताहरु असहाय भएको आफ्नै क्रियाकलापबाट प्रमाणित गरिसकेको छ । जसको प्रमाण ०६३ सालदेखि मधेशविरोधी क्रियाकलापमा संलग्न भएको एमाओवादी, विमाओवादीसँग गठबन्धन गर्नु नै सोको परिणाम हो । ६ महिनादेखि जारी मधेश आन्दोलन कुनै दलविशेषको आह्वानमा होइन मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, दलित समुदाय स्वस्फूर्त रुपमा आफ्नो अधिकारका लागि आन्दोलनमा होमिएका हुन् । आन्दोलनको पहिलो शहीद राजीव राउतदेखि रंगेली तथा डाइनियामा शहादत प्राप्त गरेकी द्रोपदी चौधरी, शिवु माझी थारु तथा महादलित समुदायका ब्रह्मदेव ऋषिदेव कुनै दलको सदस्य होइन । गत मंसिर ६ गते राजविराज अस्पतालमा डाक्टरको क्वाटरमा प्रवेश गरी प्रहरीले प्रहार गरेको लाठी बन्दुक र बुट प्रहारबाट घाइते भएका पेथोलिस्ट विश्वनाथ मण्डल, अहेब रामकुमार यादव, रेडियोलिष्ट देवकान्त मण्डल तथा औषधि बिक्रेता अवधेश यादव कुनै दलको सदस्य होइन । मंसिर ६ गते आफ्नै घरको छतमा बसिरहेको अवस्थामा सशस्त्र प्रहरीको गोलीबाट शहीद भएका दिलीप साहलाई पिछडा वर्ग महासंघ र नेपाली कांग्रेस सप्तरीबीच जुहारी नै चलेको थियो । दुबै संस्था दिलीप साह आफ्नो संस्थाको सदस्य भएको दाबी गरेको थियो । उल्लेखित शहीदहरुको नाउँ प्रतीकको रुपमा उल्लेख गरिएको छ । त्यसैकारण शहीदको शवमा कुनै खास दलको मात्र झण्डा ओढाइएन ।

विश्लेषित तथ्यबाट के प्रमाणित हुन्छ भने २००७ सालदेखि जनक्रान्ति, जनआन्दोलनको लक्ष्य जुन प्रकारको नियतले विफल गराइयो त्यो नियत आजसम्म कायम छ । पात्र मात्र बदलिएको हो, प्रवृत्ति बदलेको छैन । विगतका पात्रहरुको कार्य नेपाली जनतादेखि विश्व समुदाय सामु प्रष्ट भइसकेको छ । वर्तमान बदनित कार्य नेतृत्वको परिणाम भविष्यले प्रष्ट पार्नेछ ।

# नेपाली बजारमा भित्रिँदै साओमीको स्मार्टफोन

काठमाडौं । विश्वको तेस्रो स्मार्टफोन उत्पादक कम्पनी साओमीका स्मार्टफोन पहिलोपटक नेपाली बजारमा आउने भएका छन् । चीनको बेइजिङमा मुख्यालय रहेको साओमीले सन् २०१० देखि स्मार्टफोन उत्पादन गर्दै आइरहेको छ ।

गत २ वर्षदेखि चीनको नम्बर १ र विश्वबजारमा एप्पलसँग प्रतिस्पर्धामा उत्रिएको साओमीलाई औद्योगिक घराना शारडा ग्रुपअन्तर्गतको बत्सल इम्पेक्स प्रालिले नेपाल भित्र्याउन लागेको हो । विश्वबजारमा अनलाइनमार्फत मात्र बिक्री भइरहेको साओमीका स्मार्टफोन नेपाली बजारमा पहिलोपटक अफलाइनमार्फत बिक्री हुने कम्पनीले जनाएको छ ।

बत्सलले आगामी २ साताभित्र साओमीका २ मोडल सार्वजनिक गर्ने तयारी गरेको छ । कम्पनीले पहिलो चरणमा एमआई फोर र रेड मी २ मोडलका स्मार्टफोन घरेलु बजारमा ल्याउन लागेको हो ।

नेपाली बजारमा चीनको हुवावे र जियोनी ब्रान्डका स्मार्टफोन यसअघि नै उपलब्ध रहेका छन् । चिनियाँ एप्पल भनेर चिनिने साओमीले आफ्नो घरेलु ब्रान्डलाई उछिन्दै ग्लोबल ब्रान्डमा एक नम्बर बन्न आक्रामक उपस्थिति जनाउन थालेको छ ।

विश्वबजारमा धेरै रूचाइएको साओमी ब्रान्डलाई नेपाल भित्र्याउन नेपालका ८ ठूला घराना लागेका थिए । कम्पनीका कार्यकारी निर्देशक नितेशकुमार मुन्द्राले विश्वबजारमा छोटो समयमै स्थापित ब्रान्ड साओमीलाई नेपाली बजारमा भित्र्याउन लागिएको बताए । 'यो ब्रान्डका आफ्नै उपभोक्ता भएकाले नेपालमा यसको प्रतिस्पर्धा कसैसँग हुँदैन,' उनले भने, 'नेपाली बजारमा मोबाइल व्यापारमा धेरै ब्रान्ड छन्, चुनौती छ, तर यसलाई कुरेर बसेका उपभोक्ताका कारण सजिलै स्थापित हुने विश्वास गरेका छौं ।'

'नेपाली बजारमा ल्याउन हामी ३ वर्षदेखि लागेका थियौं, पछिल्लो ६ महिना निरन्तर लागेपछि हामीले पाएका छौं, नेपालबाट ८ भन्दा बढी ग्रुपले यो मोबाइल ल्याउन चाहेका थिए, यसैबाट प्रस्ट हुन्छ, यसको क्रेज,' उनले भने ।

२०१० मा स्थापना भएको साओमीमा ८ जना संस्थापक छन् । यसले २०१३ मा चीनमा मात्र १ करोड ८० लाख मोबाइलसेट बिक्री गरेको थियो । यसले हार्डवेयर, सफ्टवेयर, मोबाइल एप, इन्टरनेट सेवा उपलब्ध गराउँदै आएको छ । यसको एमआइयुआई प्लेटफर्म छ ।

सन् २०१४ मा यसको १२ अर्ब अमेरिकी डलर आम्दानी भएको थियो । यसको १३ मोडलमा स्मार्टफोन उपलब्ध छन् । पछिल्लोपटक यसले एमआई ५ सार्वजनिक गरेको छ । मंगलबार मात्र सार्वजनिक गरिएको यो मोडल बुकिङका लागि १ करोड ४० लाखले रजिस्ट्रेसन गरेको कम्पनीले जनाएको छ ।

साओमीले उत्पादनको २ प्रतिशत मात्र नाफा राखेर बजारीकरण गर्दै आइरहेको छ । नेपाल भित्रने मोबाइल ३० हजार मूल्यसम्मका रहने कम्पनीले जनाएको छ ।

# कांग्रेसले कर्णालीलाई पनि समेट्नुपर्छ

***जीवनबहादुर शाही***

केही वर्षअघि सरकारका कर्मचारी कर्णाली पुग्दा त्यहाँका जनताले उनीहरूलाई गोरखाली भन्थे । उनीहरूले यसो भन्नुका पछाडि कारण छ । १८४६ सालमा बहादुर शाहले जुम्लामाथि आक्रमण गरे । त्यतिखेर जुम्ला निकै शक्तिशाली राज्यका रूपमा चिनिन्थ्यो । शक्तिशाली भएकैले जुम्लाले बरू लडाइँ लड्ने तर बहादुर शाहको गोरखालीसँग नझुक्ने कसम खाए र युद्ध लडे । अन्तिमसम्म लड्दै युद्ध हारे तर आत्मसमर्पण गरेनन् ।

बहादुर शाहलाई यो मन परेन । आफूहरूको शक्तिका अगाडि नझुकेको, आत्मसमर्पण नगरेको रिस उनमा थियो । त्यसैले उनले जुम्लासहितका कर्णालीलाई राम्रो नजरले हेरेनन् । उनीपछिका राजा, राणा, पञ्चायती शासकदेखि गणतन्त्रका शासकसम्मको कर्णालीप्रतिको व्यवहार र बुझाइ पहिले जस्तो थियो, अहिलेसम्म पनि त्यस्तै रह्यो । यसैको बदला र आक्रोशमा कर्णालीवासीले सरकारी कर्मचारी कर्णाली पुग्दा 'गोरखाली' आयो भन्ने उपमा दिएका हुन् । बहादुर शाहले हेय दृष्टिले हेरेको कर्णालीलाई ४६ पछि पनि यो संस्कार परिवर्तन हुन सकेन । लोकतन्त्र र प्रजातन्त्रका उदार र ठूला कुरा गर्नेहरु पनि कर्णालीका विषयमा सधैं अनुदार बन्दै आए ।

४६ सालपछि बहुदलीय शासन प्रणाली आएपछि पनि स्रोत साधन परिचालन गरी कर्णालीको विकासको रेखा कोर्ने प्रयास कतैबाट भएन । सम्पन्न कर्णाली बनाउनु त धेरै टाढाको कुरा । वर्षौंसम्म कर्णालीवासी शिक्षित छैनन् । केही जानेबुझेका छैनन् । नुन र चामलका लागि नै उनीहरूको लडाइँ हो, यिनलाई शिक्षा, चेतना र विकासको लहर किन चाहियो भन्ने सोचियो । शिक्षित छैनन् भनेर हेपियो, तिरस्कृत गरियो तर शिक्षा र चेतनाका लागि पूर्वाधार विकासमा कत्ति ध्यान दिइएन ।

मुस्किलले दुई–चारजना प्रतिनिधि कर्णाली जिल्लाबाट आउन थालेपछि बल्ल ०६२/६३ मा जुम्लालाई सडक सञ्जालले छोयो । तर, त्यसयताको १० वर्षमा सिंगो कर्णाली (मुगु, हुम्ला, डोल्पा, जुम्ला र कालिकोट) सबैलाई सडक सञ्जालले छुनसमेत सकेको छैन । डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा मुगु सदरमुकाममा गाडी पुग्यो । तर, डोल्पा र हुम्ला सदरमुकामसम्म अझै गाडी पुगिसकेको छैन ।

प्रत्येक सरकारका नीति तथा कार्यक्रममा समुन्नत कर्णालीका चिल्ला विषय आउँछन् । तर, बजेट विनियोजनदेखि लिएर भएका योजनामा प्राविधिक खटाउनसमेत कुनै तदारूकता देखाइँदैन । बजेट दिइन्छ तर कनिका छरेको भन्दा बढी हुँदैन । विशेष खालको योजना र कार्यक्रम कर्णालीका लागि आवश्यक छ तर सरकार नजरअन्दाज गरिरहेको छ । सडक बनाउन भर्खर पास भएका इन्जिनियर पठाइन्छ । यसैलाई सरकार हामी कर्णालीप्रति जिम्मेवार छौं, उत्तरदायी छौं भन्छ । तर, राम्रा प्राविधिक पठाउन बल गर्दैन । पुल, पुलेसा बनाउन टेन्डर गर्छन् र अल्झाउने काम गर्छन् । अहिलेकै अवस्थाअनुसार बजेट, प्राविधिक खटाउने शैली र प्रक्रियामा भरपर्ने हो भने अबको १० वर्षमा पनि कर्णालीमा सडक पुग्दैन ।

सडक विस्तारका लागि, ठूला योजनाका लागि नेपाली सेनाले बजेट माग गरेको छ तर हामीले दिन सकेका छैनौं । सेनाले पैसा छुट्याइदिने हो भने त्यहीअनुसार क्याम्प खडा गरेर सेना खटाउने बताइरहेको छ, तर सरकारले बेवास्ता गर्दै आएको छ ।

कर्णालीका पाँच जिल्लाबाट २१ हजार मेगावाट बिजुली निस्कने कुरा गरिन्छ । तर, कर्णालीवासीका छेउमै नदी बग्छन्, उनीहरु अँध्यारोमा बस्न बाध्य छन् । सुविधा भएको ठाउँमा एक मेगावाट बिजुली निकाल्न २० करोड भए पुग्नेमा कर्णालीमा एक मेगाका लागि ८० करोड लाग्छ । सडकको अभावमा हेलिकोप्टरबाट सामान लगेर निर्माण गर्नुपर्ने अवस्था छ । सडकको सञ्जालले छोएको भए यत्ति महँगो पर्ने थिएन । कर्णाली करिडोरबाट पनि प्रसारण लगिएको भए निजी क्षेत्र पनि जान सक्थे । त्यसैले सडक र प्रसारण लाइनसँगै लान सके सस्तोमा बिजुली निकालेर खपत गर्ने अवस्था रहन्थ्यो ।

पिछडिएको क्षेत्रका नौ जिल्लाले विभिन्न अवसर पाएका छन् तर, कर्णालीले केही पाएको छैन । चिल्ला कुरा र शब्दमा सद्भावभन्दा केही पाएन कर्णालीले । कर्णालीका मान्छेलाई नीतिगत तहमा लाने कुनै प्रयास नै भएन । कर्णालीका पाँच जिल्लाले देशको १५ प्रतिशत भूगोल ओगटेको छ । नेपालका पहिलो ठूलो जिल्ला डोल्पा, दोस्रो हुम्ला कर्णालीमै छन् । पाँचवटै जिल्ला पूरैलाई एक एक सिट मात्र दिइएको छ । कर्णालीमा जनसंख्या कम भएरै प्रतिनिधित्वबाट हामीलाई वञ्चित गरियो । सिंगो कर्णालीबाट जम्मा १० सांसद संसद्मा छौं । यता काठमाडौं एउटै जिल्लाबाट प्रत्यक्षमा मात्र १० सिट छ । यसबाट देखिन्छ, हामीमाथि कति विभेद छ भनेर । जुम्लामा लोकसेवाको कार्यालय छ तर अरु जिल्लामा छैन । अस्पताल, डाक्टरको उस्तै अभाव छ ।

फापर, गहुं, आलु, कोदो, फल्छ तर बजार छैन । काठमाडौंमा आजकाल सभ्रान्तले यिनै खाना मन पराउँछन् । तर, कर्णालीमा यिनै खाना खानेलाई अपहेलित गरिन्छ । नेपालमा दुई अरबको कोदो भारतबाट आउँछ तर कर्णालीको कोदो सडेर गएको छ । अब हाम्रो खाने बानीलाई पनि सुधार्न जरूरी छ ।

अमेरिकी राष्ट्र पानामले केरा निर्यात गरेरै आफ्नो अर्थतन्त्र धानेको छ । हामी पनि जल, जडीबुटी, स्याउ, आलु, फलफुलको प्रयोग गरी कार्णालीलाई उठाउन सक्छौं । तर, हामीलाई पार्टीदेखि संसद्सम्म आफ्ना समस्या उठाउन गाह्रो छ । किनकि हामी संख्यात्मक रूपमा हामी कम छौं । कांग्रेसको १३औं अधिवेशन चल्दै गर्दा मूल नीति र कार्यक्रममा कर्णाली शब्द छुटाइयो । कांग्रेसले विगतमा कदमजम अर्थात् कर्णाली, दलित, मधेसी, जनजाति र महिला भनेर नीति ल्यायो तर अहिले पार्टीकै नीति तथा कार्यक्रममा कर्णालीलाई नै राखिएन । एक हप्ताको संघर्षपछि बल्ल यो शब्द पार्टीनीतिमा राख्न हामी सफल भएका छौं । एक्लै लड्दा गाह्रो छ, अरु केन्द्रीय सदस्य पनि आइदिए अलि सजिलो हुने थियो । अरु पनि विकट जिल्लाका छन् । तर, जिल्लालाई संरक्षण गरेर नेताको पहुँचका आधारका विकास र कार्यक्रम लगिन्छ, हामीमाथि अन्याय, विभेद छ । त्यसैले कर्णालीको विकासका लागि पार्टीदेखि सरकार सञ्चालन, राज्यका मह□वपूर्ण निकायका नीति निर्माण तहमा हाम्रो पहुँच अनिवार्य छ ।



**पिछडिएको क्षेत्रका नौ जिल्लाले विभिन्न अवसर पाएका छन् तर, कर्णालीले केही पाएको छैन । चिल्ला कुरा र शब्दमा सद्भावभन्दा केही पाएन कर्णालीले । कर्णालीका मान्छेलाई नीतिगत तहमा लाने कुनै प्रयास नै भएन । कर्णालीका पाँच जिल्लाले देशको १५ प्रतिशत भूगोल ओगटेको छ । नेपालका पहिलो ठूलो जिल्ला डोल्पा, दोस्रो हुम्ला कर्णालीमै छन् । पाँचवटै जिल्ला पूरैलाई एक एक सिट मात्र दिइएको छ । कर्णालीमा जनसंख्या कम भएरै प्रतिनिधित्वबाट हामीलाई वञ्चित गरियो ।**

vhsb

## विमल, अञ्जन र अनन्त स्पेनिस क्लबमा अनुबन्धित



स्पेनिस क्लब मार्वेला युनाइटेड क्लबले नेपालका युवा फुटबलर विमल घर्तीमगर, अनन्त थापा तथा अञ्जन विष्टललाई अनुबन्ध गरेको छ । फुटबल इतिहासमा एकैपटक तीन नेपाली युवा खेलाडी अनुबन्ध भएको पहिलोपटक हो । यसअघि विमल बेल्जियमकै एडलेच क्लबसँग अनुबन्धित भएका थिए । विमल युरोपियन क्लबबाट खेल्ने पहिलो नेपाली फुटबलर पनि हुन् ।

मावेल क्लबले नयाँ अनुबन्धित खेलाडीलाई आफ्नो युरोपियन टुरमा सहभागी गराउने जनाएको छ । मार्वेला युनाइटेडको फेसबुक वेब पोर्टलमा विमल, अनन्त र अञ्जनलाई नेदरल्यान्ड, जर्मनी र बेल्जियममा हुने प्रतिस्पर्धामा सहभागी गराउने उल्लेख गरेको छ । 'विमल, अनन्त र अञ्जन हाम्रो युरोपियन टुरमा रहनेछन्,' क्लबले जनाएको छ ।

तीन युवा फुटबलरले छोटो फुटबल करिअरमै ऐतिहासिक फड्को मारेका छन् । नवलपरासीमा जन्मेका विमलले सन् २०१२ को आठौं साफ च्याम्पियनसिप फुटबल प्रतियोगितामा पाकिस्तानविरूद्ध गोल गर्दै सनसनी मच्चँएका थिए । उनी हाल राष्ट्रिय टोलीकै प्रमुख स्ट्राइकरका रूपमा रहेका छन् ।

यू–१४ हुँदै अञ्जनले सन् २०१४ को अक्टोबरमा राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए । गत महिना भारतको गुवाहाटीमा सम्पन्न १२औं सागमा फुटबलले २३ वर्षपछि स्वर्ण जित्दा उनले पनि विशेष योगदान दिएका थिए । अनन्तले गत वर्ष नै भारतविरूद्ध डेब्यु गरेका थिए । विमल, अञ्जनजस्तै उनी पनि एन्फा एकेडेमीकै उत्पान हुन् ।

मार्वेला क्लबले गत साता मात्र अखिल नेपाल फुटबल संघ (एन्फा) लाई विमल, अनन्त तथा अञ्जनलाई क्लबमा प्रशिक्षण तथा एक्सपोजरका लागि पत्राचार गरेको थियो । विमलकै एजेन्ट लुइसको सक्रियतामा तीन खेलाडीलाई मार्वेलाले 'कल' गरेको हो । मार्वेलाले दुई महिना नेपाली खेलाडीलाई प्रशिक्षण तथा एक्सपोज गर्दा सबै आर्थिक भार व्यर्होनेछ ।

## हार्दा पनि लेस्टर शीर्षस्थानमै

लेस्टर । इङ्लिस प्रिमियर लिगको शीर्ष स्थानमा रहेको लेस्टर सिटीले ५ अंकको अग्रता लिने अवसर गुमाएको छ । मंगलबार राति भएको खेलमा लेस्टरलाई वेस्ट ब्रुमले २–२ को बराबरीमा रोकेको हो ।

खेलमा वेस्ट ब्रुमले लिग लिडर लेस्टरमाथि दबाब कायम राख्यो । खेलमा वेस्ट ब्रुमका सोलोमन रोनडनले ११औं मिनेटमा गोल गर्दै सुरूवाती अग्रता दिलाए । तर ३०औं मिनेटमा लेस्टरका ड्यानी ड्रिंकवारटले बराबरी गोल फर्काउदा खेल बराबरीमा आइपुगेको थियो ।

पहिलो हाफको इन्जुरी समयमा किंग्स्ले गोल गरेपछि लेस्टरले पहिलो हाफमा अग्रता लिन सफल भयो । तर, ५०औं मिनेटमा वेस्ट ब्रुमका ग्रन्डरले गोल गर्दै खेललाई दोस्रो पटक बराबरीमाद ल्याए । जिमी भर्डि र सिन्जी ओकाजाकीको प्रहार पोलमा लाग्नु लेस्टरको लागि दुर्भाग्य सावित भयो ।

बराबरीपछि लेस्टरले २८ खेलबाट ५७ अंक जोडेको छ । एक खेल कम खेलेको दोस्रो स्थानको टोनह्यामको ५४ अंक छ । २८औं चरणको खेल जिते टोटनह्यामले लेस्टरलाई पछि धकेल्दै शीर्ष स्थान कब्जा गर्न सक्नेछ । तेस्रो स्थानमा आर्सननले २७ खेलबाट ५१ अंक जोडेको छ ।

## रोनाल्डोले मागे माफी

स्पेनिस क्लब रियल म्याड्रिडका पोर्चुगिज स्टार क्रिस्चियानो रोनाल्डोले क्लबका सहकर्मी खेलाडीसँग माफी मागेका छन् । यसअघि रोनाल्डोले गत शनिबार रियल म्याड्रिडका खेलाडीको स्तर आफ्नो जस्तो नभएको भन्दै टिप्पणी गरेका थिए ।

रोनाल्डोले गत शनिबार डर्बी भिडन्तमा एट्लेटिको म्याड्रिडसँग पराजित भएपछि भनेका थिए, 'यदि हामी सबै मेरै स्तरको भएको भए शीर्ष स्थानमा हुन्थ्यौं, मैले कसैलाई आक्षेप लगाउन चाहेको होइन, तर राम्रो खेलाडी जब टिममा हुन्नन् जित हात पार्न सधैं गाह्रो पर्छ ।' तर, खेल सकिएको ४० घन्टापछि भएको क्लबको प्रशिक्षण दौरान रोनाल्डोले सहकर्मी साथीहरूसँग माफी मागेका छन् ।

शनिबार राति रोनाल्डोले आफ्ना सहकर्मी साथीको स्तरलाई लिएर आशंका गरेका थिए । तर, सोमबार उनी ड्रेसिङ रूपमा नरम रूपमा प्रस्तुत भए । उनले आफ्नै गल्ती भएको भन्दै साथीहरूलाई सम्झाउने प्रयास गरे । उनले आफूले आवेशमा आएर बोल्दा गल्ती भएको बताएका थिए ।

रियल म्याड्रिडका लागि रोनाल्डोको प्रदर्शन मह□वपूर्ण हुन्छ । तर, रोनाल्डोको प्रदर्शनलाई टिमका खेलाडीको योगदान पनि कम हुन्न । रोनाल्डोको भनाइले ड्रेसिङमा नकारात्मक प्रभाव परेको हो या होइन यो हप्ता हुने खेलले देखाउनेछ ।

## /Elg va/



## धरानमा फिरफिरे वार्ता

उपन्यास फिरफिरेको 'प्रमोसन'का लागि लेखक बुद्धिसागर नेपालयात्राको क्रममा मंगलबार धरानमा देखिए । उनले धरान र इटहरीका साहित्यकारसँग पुस्तकमाथि चर्चा गरे । उपन्यास लेखनीको अनुभव पनि सुनाए ।

बुद्धिसागरले पुस्तकबारे भने, 'यो डिजिटल क्यमेराले निकालेको नभई पुरानो कोड्याक क्यामेराले ४५ दिन लगाएर निकाले फोटोजस्तो हो ।' नेपाली विभाग महेन्द्र बहुमुखी क्याम्पसको आयोजनामा धरानमा भएको कार्यक्रममा बुद्धिसागरले थपे, 'पुस्तकमा काल्पनिकता कम वास्तविकता बढी छ ।'

छलफलमा धरानका युवा कवि सुदीप पाखिनले फिरफिरेमा लेखक आफू हाबी नभएको बताए । महेन्द्र बहुमुखी क्याम्पसका नेपाली विभागका विभागीय प्रमुख प्रा.डा. खेम दाहालले बुद्धिसागर कला असाध्यै आकर्षक ढंगले प्रस्तुत गर्ने भएकाले फिरफिरे पनि पठनीय हुन सक्ने बताए । यात्राको क्रममा प्रकाशक फाइनप्रिन्टसँगै लेखक सिन्धुली, गाइघाट, इलाम, विर्तामोड, दमक, विराटनगर, धरान, इटहरी, चन्द्रनिगाहपुर र हेटौंडा गरी १० स्थानमा पुग्दै छन् ।

## सकियो राष्ट्रिय बाल नाटक महोत्सव

शैली थिएटरले आयोजना गर्दै आएको बाल नाटक महोत्सव सोमबार सम्पन्न भएको छ । सोमबार समापनमा महोत्सवमा सहभागी नाटकबाट ६ विधामा पुरस्कार प्रदान गरियो ।

यो वर्ष सात हजरको बाल कोसेली उत्कृष्ट अभिनय पुरस्कर आइडियल स्कुलको 'टुटेको सपना'का लागि दिनेश लेप्चा र शैली उत्कृष्ट अभिनय पुरस्कर सोही नाटकमा जेनिभा डङोलालाई प्रदान गरियो । चेखब उत्कृष्ट निर्देशक पुरस्कार पांच हजार प्याराडाइस स्कुलको प्रस्तुतिमा 'शिशिर वसन्त' नाटकका लागि शिवकृष्ण अधिकारीलाई र चित्रबहादुर बुढाथोकीलाई उत्कृष्ट नाटक पुरस्कार पाँच हजार 'शिशिर वसन्त'लाई दिइयो । त्यस्तै तीन-तीन हजारको शैली प्रोसान पुरस्कार साहारा स्कुलको प्रस्तुति 'फालिएका हीरा'हरूका लागि आदिती सापकोटा र सैली पिपल च्वाइस पुरस्कार विल्सन एकाडेमीका साइमोन राउतलाई दिइयो ।

शैली थिएटरले आफ्नो स्थापनाकालदेखि गर्दै आएको यो महोत्सव गत बिहीबार सुरु भएको थियो । महोत्सवमा विभिन्न १२ विद्यालयका नाटक मञ्चन भए ।

## साहको कला प्रदर्शनी

कलाकार अजितकुमार साहले हिमाल, पहाड र तराई मधेसबीच सद्भाव जोड्ने उद्देश्यसहित बनाएका कलाको प्रदर्शनी शनिबारदेखि सुरु भएको छ । 'सद्भाव'



शीर्षकमा गरिएको कला प्रदर्शनीको आयोजना लुम्बिनी वर्ल्ड पिस फोरम र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले गरेका हुन् । शनिबार कार्यक्रमको उद्घाटन मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले गरे ।

कार्यक्रममा रेग्मीले भने, 'कला र संस्कृति प्रत्येक समाजको विकास र सभ्यताका प्रतिविम्ब हुन् । कलाको सिर्जना र प्रस्तुतिले कलाकारको सीप र विचारको अभिव्यक्ति मात्र नगरी सामाजिक अभ्यास, परम्परा, रीतिरिवाज एवं समसामयिक गतिविधिको समेत उजागर गर्ने भएकाले कला र संस्कृति कतिपय अवस्थामा सामाजिक सुधार र परिवर्तनको संवाहकसमेत बनेको छ ।'

मिथिला संस्कृति र संस्कारका विम्ब र भावलाई कलात्मक रूपमा संयोजन गर्दै कलाकार साहले बनाएका चित्र प्रदर्शनीमा राखिएका छन् । खासगरी रामायण र महाभारतका कथामा आधारित कलालाई सामाजिक जनजीवनसँग जोडेर उनले चित्र बनाएका छन् । चार दिनसम्म चल्ने प्रदर्शनीमा ३६ वटा चित्र राखिएको छ ।

## मीरालाई राष्ट्रिय संगीत पुरस्कार

चर्चित गायिका मीरा राणा हेटौंडामा पुरस्कृत गरिएकी छिन् । मोफसलकै सर्वाधिक राशिको पुरस्कार 'विजुलीमाया वनः श्रेष्ठ राष्ट्रिय संगीत पुरस्कार' यस वर्ष गायिका राणालाई प्रदान गरिएको हो । पुरस्कारको राशि एक लाख हो । राणा २०२२ सालदेखि संगीतमा साधनारत छिन् ।

वरिष्ठ कलासाधक भीम विरागको चौथो स्मृति दिवसका अवसरमा गायिका राणालाई पुरस्कारमार्फत सम्मान गरिएको हो । वरिष्ठ गीतकार तथा निर्देशक चेतन कार्कीले गायिका राणालाई सम्मानपत्र प्रदान गरेका थिए । नगद एक लाख रूपैयाँ उद्यमी कन्हैयाकृष्ण श्रेष्ठले प्रदान गरेका थिए । श्रेष्ठले आफ्नी माताको नाममा २०६४ सालमा यो पुरस्कार स्थापना गरेका हुन् ।

गायिका राणा गोरखा दक्षिण बाहु चौथो, छिन्नलता गीत पुरस्कार, भूपालमान सिंह पुरस्कार, नारायणगोपाल संगीत पुरस्कार आदिबाट सम्मानित भइसकेकी छन् । कार्यक्रम प्रतिष्ठानका अध्यक्ष साहित्यकार तुलसी थापाको अध्यक्षतामा भएको थियो । कार्यक्रममा संगीतप्रेमी दीपक श्रेष्ठले गायिका राणालाई नगद २५ हजार रूपैयाँ सम्मानस्वरूप प्रदान गरेका थिए ।

यसैगरी पुरस्कारबाट संगीतका हस्ती अम्बर गुरुङ, प्रेमध्वज प्रधान, भक्तराज आचार्य, फत्तेमान राजभण्डारी, शान्ति ठटाल, प्रकाश श्रेष्ठ, दीप श्रेष्ठलगायत सम्मानित भइसकेको भीम विराग संगीत-साहित्य-कला प्रतिष्ठान नेपाल हेटौंडाका अध्यक्ष तुलसी थापाले बताए ।

## पहिलो गुरुङ फिल्म अवार्ड

गुरुङ चलचित्र निर्माण हुन थालेको करिब दुई दशकपछि पहिलोपटक गुरुङ फिल्म अवार्ड आयोजना गरिएको छ । गुरुङ चलचित्रको विकास र विस्तारसँगै यस क्षेत्रमा लागेकालाई थप हैसला प्रदान गर्ने उद्देश्यसहित गुरुङ फिल्म एसोसिएसन र जक्सन डटकमको आयोजनामा पोखरामा प्रथम गुरुङ अवार्ड २०७२ शनिबार सम्पन्न भएको हो ।

कार्यक्रममा लाइफटाइम अचिभमेन्टसहित ७० वटा विभिन्न विधामा अवार्ड वितरण गरियो । कार्यक्रममा २०६० देखि २०६५ सम्म र २०६५ देखि २०७० सम्म गरी



दुई समयावधिका गुरुङभाषी चलचित्र र गुरुङ विषयवस्तुमा निर्मित नेपाली चलचित्र गरी समूहगत रूपमा पुरस्कृत गरियो । समारोहमा लाइफटाइम अचिभमेन्ट सम्मानबाट प्रितम गुरुङलाई सम्मान गरियो । चलचित्र भ्रें, नायिका मीरा गुरुङ र नायक विमल गुरुङले पपुलर अवार्ड पाए ।

'पपुलर अवार्ड'का लागि २१ वटा चलचित्र, १५ जना नायक र ११ जना नायिका मनोनयनमा परेकोमा उनीहरूमध्ये दर्शकबाट ७० प्रतिशत मत प्राप्त गर्दै चलचित्रमा भ्रें, ६७ प्रतिशत मतका साथ नायिकामा मीरा र ६५ प्रतिशत मत पाउँदै नायक विमलले पपुलर अवार्ड हात पारेका थिए । पुरस्कृत चलचित्र, नायक, नायिका, निर्देशकलगायतलाई कार्यक्रममा गृहमन्त्री शक्तिबहादुर बस्नेत, अभिनेता राजेश हमाल, आदिवासी जनजाति चलचित्रका अगुवा नवीन सुब्बा, आदिवासी जनजाति चलचित्र महासंघ अध्यक्ष अमृत सुनुवार, नेपाल चलचित्र बोर्ड आदिवासी जनजाति मातृभाषा प्रवर्द्धन समितिका संयोजक युवराज मास्की, भुषण दाहाललगायतले पुरस्कार वितरण गरेका थिए ।

## skt/6

## विदेशी पर्यटकलाई टेलिकमको निःशुल्क सिम

नेपाल टेलिकमले बुधबारदेखि विदेशी पर्यटकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन कक्षबाटै निःशुल्क सिम वितरण सुरु गरेको छ । सञ्चारमन्त्री शेरधन राई र मन्त्रालयका सचिव तथा नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष दिनेशकुमार थपलियाले निःशुल्क सिम वितरण सुरु गरेका हुन् ।

कार्यक्रममा मन्त्री राईले टेलिकमले विदेशी पर्यटकलाई निःशुल्क सिम वितरण सुरु गरेपछि पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । टेलिकमले पर्यटन बोर्डको सहकार्यमा सिम वितरण सुरु गरेको हो । हाललाई आगमन कक्षमा रहेको पर्यटन बोर्डकै डेस्कमार्फत सिम वितरण गरिनेछ । विदेशी पर्यटकको पासपोर्ट र फोटोका आधारमा सिम वितरण गरिने टेलिकमको भनाइ छ । ५० रुपैयाँको सिमकार्डमा ५० रूपैयाँकै 'टक भ्यालु' सुविधा छ ।

नेपाल आएका पर्यटकलाई सञ्चार सम्पर्क र इन्टरनेट सुविधा सहज बनाउने उद्देश्यले सिम वितरण गरिएको हो । नेपाल भ्रमणमा रहेका पर्यटक सम्पर्कविहीन भए सिममार्फत 'लोकेसन ट्र्याक' गरेर उद्धार गर्न सहज हुने विश्वास कम्पनीले लिएको छ ।

कार्यक्रममा सञ्चार मन्त्रालयका सहसचिव तथा नेपाल टेलिकम सञ्चालक समिति सदस्य एकनारायण अर्याल, टेलिकमका प्रबन्ध निर्देशक बुद्धिप्रसाद आचार्य, पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीलगायतका पदाधिकारी सहभागी थिए ।

## दोलखामा सिटिजन्सको शाखारहित सेवा

सिटिजन्स बैंक इन्टरनेसनलले युके एडको लगानीमा सञ्चालित सक्षम (एक्सेस टु फाइनान्स कार्यक्रमको सहकार्यमा दोलखाको बोच गाविसमा शाखारहित बैंकिङ सेवा विस्तार गरेको छ । बोच गाविससहित बैंकका शाखारहित बैंकिङ सेवा सञ्जाल ८७ पुगेका छन् ।

बैंकले बोच गाविसमा सेवा सञ्चालनका लागि स्थानीय व्यवसायी सरोज थापालाई व्यावसायिक प्रतिनिधि चयन गरी प्रमाणपत्र वितरण गरिएको जनाएको छ । शाखारहित सेवाअन्तर्गत बैंकिङ सुविधा नपुगेका ग्रामीण भेगका जनतालाई निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानीलगायतका सेवा उपलब्ध हुने बैंकले बताएको छ ।

## महिन्द्रा एन्ड महिन्द्रा जितो नेपाली बजारमा

दुगड ग्रुपले महिन्द्रा एन्ड महिन्द्रा कम्पनीद्वारा उत्पादित पिकअप जितो नेपाली बजारमा भित्र्याएको छ । पिकअफ नेपालको बाटोसुहाउँदो भएको कम्पनीले जनाएको छ ।

पिकअप जितोमा ६०० र ७०० केजी भारवहन क्षमता भएकाले नेपाली बजारका लागि उपयोगी हुने कम्पनीको दाबी छ । महिन्द्रा जितोमा एमडुरा इन्जिन प्रयोग गरिएको छ भने ११ र १६ एचपीको पावर, प्रतिलिटर ३७ किमि माइलेजलगायतका सुविधा रहेको कम्पनीले बताएको छ । एस सिक्स-११, एल सिक्स ११ र एक्स सेभेन-१६ तीन मोडलसहितको जितो पिकअपको नेपाली बजारमूल्य ८ लाख २५ हजारदेखि ९ लाख ५० हजार पर्ने कम्पनीले जनाएको छ । कम्पनीले गाडी खरिदमा एक वर्षको फुल इन्स्योरेन्स, आर्थिक वर्षको सवारीकर र दुई वर्ष वा ४० हजार किमिसम्मको वारेन्टी दिइने बताएको छ ।

## देवदहमा बिओकेको शाखा

बैंक अफ काठमाण्डू (बिओके)ले ग्रामीण क्षेत्रमा बैंकिङ सेवा विस्तार गर्ने उद्देश्यले रूपन्देहीको देवदहमा शाखा विस्तार गरी कारोबार सुरु गरेको छ । बैंक सञ्चालक रमेशनाथ ढुंगेलले देवदह शाखा उद्घाटन गरेका थिए । न्यून वित्तीय पहुँच भएका ग्रामीण क्षेत्रमा बैंकिङ सेवा पुर्‍याउने र कृषि क्षेत्रमा सेवा विस्तार गर्ने उद्देश्यले खोलिएको शाखामा अत्याधुनिक बैंकिङ सुविधा उपलब्ध रहेको बैंकले बताएको छ । बैंकले युकेएडअन्तर्गत सञ्चालित सक्षम एक्सेस टु फाइनान्ससँग साझेदारीमा ६ स्थानमा नयाँ शाखा विस्तारको तयारी भइरहेको जनाएको छ ।

## पोखरा फाइनान्सको कर्जा सुविधा

मुख्य कार्यालय पोखराको न्युरोडमा रहेको पोखरा फाइनान्सले १९औँ वर्ष प्रवेश अवसरमा वार्षिक ८.९९५ प्रतिशत ब्याजदरदेखि कर्जा सेवा प्रदान गरिएको बताएको छ । चुक्ता पुंजी ४९ करोड ११ लाख १९ हजार २ सय रहेको कम्पनीले न्यून ब्याजदरमा कर्जा प्रवाह गर्नुका साथै निकट भविष्यमा सेयर कर्जा सुरु गरिन लागेको जनाएको छ ।

## सेञ्चुरी बैंकको अध्यक्षमा श्रेष्ठ

सेञ्चुरी कमर्सियल बैंक लिमिटेडमा राजेशकुमार श्रेष्ठ अध्यक्ष भएका छन् । बैंकको सञ्चालक समितिको १८७औं बैठकद्वारा अध्यक्षमा श्रेष्ठलाई चयन गरिएको बैंकले जनाएको छ । लामो समयदेखि आर्थिक प्रशासन क्षेत्रमा कार्यरत श्रेष्ठ एक वर्षदेखि बैंकको सञ्चालकका रूपमा कार्यरत थिए । उनले पाटन फाइनान्स, कन्ट्री डेभलपमेन्ट बैंकको सञ्चालकका रूपमा कार्य गरिसकेका छन् । उनी शैक्षिक क्षेत्रको विभिन्न कलेज, स्कुल तथा हाइड्रोपावर कम्पनीमा समेत संलग्न रहेका छन् ।

